*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५८
नेपाल सम्बत् ११३४
इस्वी सम्बत् २०१५
बिक्रम सम्बत् २०७१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


DHARMAKIRTI

# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly
**5th JANUARY 2015**

| वर्ष- ३२ | अङ्क- ९ | मिला पुन्हि | पौष २०७१ |
|---|---|---|---|




**चारौं तर्फ रागादि अग्नि बलिरहेको लोकमा के हाँस्नु ? र के आनन्द लिनु ? अन्धकारले ढाकिसक्यो । तैपनि तिमी किन प्रकाश खोज्दैनौ ?**

**खटेरा र घाऊले युक्त, रोगादि दर्दले पूर्ण, नाना विधि संकल्पले भरिपूर्ण, छापा समान सिंगारिएको यस अस्थिर एवं विचित्र शरीरलाई हेर ।**

**जीर्ण भएर जाने यस शरीर, रोगको घर भइरहेको यो शरीर, कुहिएर भग्न भएर जाने यो शरीर, धारण गरेर बाँचिरहेका सबै प्राणी मरण पछि एक दिन अन्त्य भएर जानेछन् ।**

**हाडको नगर बनाई त्यसमा मासु र रगतले लेपन गरिराखेको यो शरीर, जसमा वृद्धत्त्व, मृत्यु, अभिमान, र कपट आदि लुकि रहेका छन् ।**

Downloaded from http://www.dhamma.digital
< 1st Proof >

## ▪ सम्पादकीय ▪

# जात होइन राम्रो बानी व्यवहार चाहिन्छ

भगवान् बुद्धले जातीपातीलाई स्थान दिनु भएको देखिँदैन । उहाँले मानिसको असल चरित्र र राम्रो वानी व्यवहारलाई बढि महत्त्व दिनुभएको छ ।

हुनत सम्यक सम्बुद्धले सर्वप्रथम उच्च जातका धनाध्य युवा वर्गलाई संगठन गरी भिक्षु संघ गठन गर्नुभएको थियो । त्यसबेलाका जन समुदाय बिच जातिभेद हटेको थिएन । त्यसैले होला जुनदिन भगवान बुद्ध भिक्षु संघ सहित कपिलवस्तुमा घर घर पिच्छे जात कुल आदि विषयमा भेदभाव नगरी भिक्षाटन जानुभएको थियो, त्यसबेला सुद्धोदन महाराजाको मस्तिष्कमा भूकम्प आए सरह नमज्जा लागेको थियो । त्यसैले उनले भगवान् बुद्ध समक्ष पुगी यसरी प्रश्न गरेको थियो–

"सिद्धार्थ ! तिमीले हाम्रो राज सँस्कृतिलाई किन अपमान गरेको ?" राज सँस्कृतिमा यसरी भिक्षा मागी आफ्नो पेट भर्ने चलन छैन । तिमी त राजकुमार हौं । यसरी जातपातलाई मतलब नराखी आफ्नै जनतासंग भिक्षा माग्न आयौं ? जनता पाल्नु पर्ने व्यक्तिले जनतासंग भिक्षा माग्दैछौ ? आदि आदि ।"

राजाको प्रश्नलाई उत्तर दिनुहुँदै भगवान् बुद्ध भन्नुहुन्छ–

"महाराज ! म अब राजकूलको व्यक्ति रहेन । म, त अब श्रमण कूलको भइसकें । यस कुलमा जातपात र कूलभेद छैन । मैले भिक्षाटनबाट प्राप्त आहार सेवन गर्नु पर्दछ ।

सबै मानिस समान छन् । महाराज ! हाम्रो समाजमा जबसम्म वर्गभेद हुन्छ, तबसम्म शान्ति हुँदैन ।"

भगवान् बुद्धको उपदेश सुनी राजा शुद्धोदन बोध भएको थियो ।

यसरी नै एकदिन भगवान् बुद्धले ब्राह्मण वर्गका व्यक्तिहरूलाई यसरी उपदेश दिनुभएको थियो–

"न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो"

अर्थात् जन्मले कोही व्यक्ति नीच हुँदैन र जन्मले कोही व्यक्ति ब्राह्मण हुँदैन । कर्मले नै ब्राह्मण हुन्छ र कर्मले नै नीच हुन्छ ।"

यस्तो क्रान्तिकारी उपदेश दिनुभएपछि भगवान बुद्धले सोपाक नाम गरेको एक च्यामे जातीका व्यक्तिलाई पनि प्रव्रजित गरी भिक्षु संघमा भित्र्याउनु भएको थियो । यस घटनाले ठूलो हलचल मचाइदिएको थियो । तर भगवान् बुद्धको शुद्ध, मैत्री करूणा र असल चरित्रको प्रभावले यस कार्य सफल भएर नै छोड्यो ।

एकदिन भिक्षु आनन्द भिक्षाटन पश्चात् पानी पिउनको लागि एउटा कुँवा तर्फ लाग्नु भयो । त्यसबेला उक्त स्थानमा एक अछूट जातकी कन्या कूँवामा पानी भर्दै गरेकी थिइन् । त्यसैले भिक्षु आनन्दले उनीसंग पानी माग्नुभयो । यो देखी उक्त अछूट कन्याले पानी दिन अन्काउँदै भनिन्–

"म अछूट जातकी कन्या हुँ । त्यसैले मेरो हातबाट तपाइँ जस्तो उच्च जातको व्यक्तिलाई पानी दिन मिल्दैन ।" उक्त कन्यालाई भिक्षु आनन्दले भन्नु भयो–

"मैले तिमीसंग तिम्रो जात मागेको होइन, पानी मात्र मागेको । पानीमा जात मिसिएको हुँदैन । मलाई पानी दिनु ।"

भिक्षु आनन्दको यस्तो कुरा सुनी उक्त कन्याले उहाँलाई पानी खान दिइन् । भिक्षु आनन्दले पानी पिउनु भयो ।

यो घटनाबाट उक्त अछूट कन्याले ठूलो आनन्दको अनुभव गर्दै सोचिन्–

"अहो ! जातपात नमान्ने उच्च कुलका भिक्षु ।"

उक्त कन्यालाई पछि भगवान् बुद्धले भिक्षुणी संघमा सम्मिलित गरी जीवन मुक्त गराउनु भएको थियो ।

त्यसपछि भगवान् बुद्धले त्यसबेलाका प्रसिद्ध गणिका(वेश्या पेशामा लागेकी नारी) अम्बपालीलाई पनि भिक्षुणी बनाई असल शिक्षाद्वारा जीवन उज्ज्वल गराउनु भएको थियो ।

यसरी नै भगवान् बुद्धले अंगुलिमाल नाम गरेको एक ज्यानमारालाई पनि असल शिक्षाद्वारा बोध गराई भिक्षु संघमा सम्मिलित गर्न सफल हुनुभयो ।



Downloaded from http://www.dhamma.digital

एकपटक भगवान् बुद्ध वर्षावास पछि श्रावस्तीको जेतवन विहार छोडी अन्यत्र लाग्नु भएको थियो । यो देखी अनाथपिण्डिक महाजनले भगवान् बुद्धलाई जेतवन विहार छोडी अन्यत्र स्थानमा नगइ दिनहुन प्रार्थना गरेको थियो । तर भगवान् बुद्धले कुनै कारणवस यस प्रार्थनालाई स्वीकार गर्नसक्नु भएन र बाहिर जानुभयो । यही कारणले दुःखित बन्न पुगेका महाजन अनाथपिण्डकलाई देखी उनकी दासी पूर्णिकाले यसरी दुखित हुनुको कारण सोधिन् ।

उनीलाई उत्तर दिँदै महाजनले भने–

"भगवान् बुद्धले जेतवन छोडेर जानुभयो । उहाँले मेरो प्रार्थना स्वीकार गर्नु भएन ।"

महाजनको उत्तर सुनी दासी पूर्णिकाले भनिन्–

"यदि मैले भगवान् बुद्धलाई जेतवन विहारमा फर्काउन सफल भएँ भने हजुरले मलाई के दिनुहुन्छ ? "तिमीले उहाँलाई फर्काएर ल्याउन सक्यौं भने तिमीलाई दासित्त्वबाट मुक्त गरिदिनेछु ।"

महाजनको यस्तो प्रण सुनी दासी पूर्णिका डगुर्दै गई भगवान् बुद्ध समक्ष वन्दना गरी यसरी प्रार्थना गरिन्–

"भो भगवान् ! कृपा गरी जेतवन विहार फर्कनु होस् ।"

बुद्ध– "म फर्के भने तिमीलाई के लाभ हुन्छ ?"

पूर्णिका– " भो शास्ता ! तपाईं जेतवन विहारमा फर्किनु भए म दासित्त्वबाट मुक्त हुनेछु । मेरो नयाँ जीवनको प्रादुभार्व हुनेछ । मैले स्वतन्त्रता पूर्वक पुण्य गर्न पाई दुःखबाट मुक्त हुनेछु ।"

दासी पूर्णिकाको यस्तो कुरा सुनी भगवान् बुद्ध जेतवन विहारमा फर्कनु भयो ।

जब भगवान बुद्ध जेतवन विहारमा फर्कनु भयो, तब अनाथपिण्डिक महाजन खुशी हुनभई पूर्णिकालाई दासित्त्वबाट मुक्त गर्नुभयो । अन्त्यमा पूर्णिका भिक्षुणी भई सांसारिक दुःखबाट मुक्त हुन सफल भइन् ।

यसरी भगवान् बुद्धले धर्मको क्षेत्रमा जातपात उँच नीच र धनी गरीब भावलाई कुनै स्थान दिनु भएको छैन । जसले धर्मानुकुल काम गर्न सक्षम हुन्छ, उ धार्मिक भई भाग्यमानी हुन पाउने छ । त्यसैले बुद्ध शिक्षामा जात होइन असल बानी व्यवहारलाई स्थान दिइएको छ ।

# धम्मपद–२८३

✍ डा. रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**असंसट्ठं गहट्ठेहि – अनागारेहिं चूभयं**
**अनोकसारिं अप्पिच्छं – तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ*- गृहस्थ र प्रव्रजितहरू सँग पनि अलिप्त र हने, कुनै कुरामा पनि आशा वा तृष्णा नभएकालाई नै म साँच्चैको ब्राह्मण भन्दछु ।

*घटना*- उपरोकत गाथा भगवान बुद्धले जेतवन विहारमा वस्नु हुँदा पढभारवासी तिस्स स्थविरको कारणमा भन्नु भएको हो ।

तिस्स भिक्षु भगवान बुद्धकहाँ कर्मस्थान लिई जंगल, भित्र ध्यान गर्ने उद्देश्य लिएर गए । आफूलाई योग्य भएको एउटा ठाउँ खोज्दा खोज्दै एउटा पर्वतको गुफामा पुगे । त्यहाँ बसेर ध्यान गर्दा चित्त एकाग्र भई समाधि वृद्धि भयो । उसले अनि सोचे– म यहाँ बसें भने मैले प्रव्रजित जीवन ग्रहण गरेको सफल हुनेछ ।

त्यहाँ त्यो गुफामा आफ्ना परिवारसँगै अधिग्रहण गरेर बसेका एउटा देवता रहेछ । देवताले सोच्यो कि यस्ता शीलवान भिक्षु यहाँ बस्यो भने एकै ठाउँमा हामीजस्ता देवता टिक्न सक्दैन । यसरी सोचेर त्यो भिक्षुलाई त्यहाँबाट हटाउने उपाय सोच्यो ।

स्थविर गाउँतिर भिक्षा जाने गऱ्यो । एउटा श्रद्धालु उपासिकाले स्थविरलाई दिनहुँ भोजन दान दिन थालिन् । स्थविरले यिनी उपासिकाको आधार लिएर आफूले श्रमण धर्म पालना गर्न सक्छु भन्ने सोच्यो । गुफामा अधिग्रहण गरेर बसेका देवताले भिक्षु दोषविहीन भएको थाहा पाएर विचार गऱ्यो कि– "यसलाई निक्ली जा" भन्ने समर्थ त मसँग छैन, यो स्थविरको शीलमा कुनै खोट छ कि भनेर खोज्नु पऱ्यो ।" तर उसले थाहा पायो कि स्थविरको शील दोषविहिन छ । त्यसपछि उसले अर्के उपाय सोच्यो । त्यो स्थविरको दाता उपासिकाको छोराको शरीर भित्र आफ्नो आत्मा पसी त्यसलाई अनेक कष्ट दिने कार्य गऱ्यो ।

उपासिकाले आफ्नो छोरालाई बेढंगसँग छट्पटीं भएको देखी आफ्नो छोरालाई के पो रोग लागेछ भनी विलाप गरिन् । त्यसपछि शरीरभित्र पसेको आत्माले बोल्यो– म तिम्रो छोराको आत्मा भित्र छिरेको छु । तिम्रा



Downloaded from http://www.dhamma.digital

स्थविरले खुट्टा धोएको पानी यसलाई छर्क्यो भने मात्रै म यसको शरीरबाट निस्कने छु।"

भोलिपल्ट भोजनको समयमा स्थविर आउँदा भोजन गराए पछि उपासिकाले वृतान्त कुरा सुनाइन्। देवताको आत्माले मागे जस्तै गरी स्थविरको खुट्टा धोई त्यही पानी छर्किदिँदा उसको छोरालाई निको भयो। देवता त्यहाँबाट तुरून्त गुफाको द्वारमा पर्खिन गयो।

जब तिस्स स्थविर गुफामा फर्के देवताले भने– "यो गुफामा अधिग्रहण गरेर बसेको देवता म हुँ। तिमी यहाँ बस्न पाउँदैनौ। यहाँभित्र नपस्नु।"

देवताले स्थविरलाई आरोप लगायो कि त्यसले बोक्सी विद्या चलाएको छ।

स्थविरले आफै विचार गऱ्यो कि "आफू प्रव्रजित भएदेखि कुनै शील भंग भएको छ कि आफ्नो शील दोषविहीन भएको सम्झी स्थविरले भन्यो– "मैले त्यस्तो केही विद्या चलाएको छैन।"

देवताले भन्यो– "भर्खरै आफ्ना उपासिकाको छोरालाई पानी छ्यापेर निको पारेको होइन।"

देवतासँग वार्तालाप गरेपछि स्थविरले विचार गऱ्यो "अहो! निश्चय पनि मैले आफैलाई शासनमा अनुकूल हुने गरी राख्न सकें। निश्चय पनि मेरो चरित्र शुद्ध भएको छ। देवताले समेत मेरो शीलमा अलिकति दोष भेटाउन नसकेर यस्तो चाल चलाएर मेरो दोष खोज्न लाग्यो।" यसरी सोच्दै स्थविरले आफ्नो परिशुद्ध शीलमाथि प्रीति चित्त उत्पन्न गरी गुफा भित्र नपस्दै मै अरहत्त्व लाभ गरे।

अरहत्व लाभ गरेपछि स्थविरले "देवतालाई निर्दोष भिक्षुलाई दोष लगाउन खोज्यो पछि पछि फेरि यस्तो काम गरेर बाधा नपुऱ्याउ" भनी सम्झायो। त्यसपछि तिस्स स्थविरले त्यहिं वर्षावास पुरा गरी पछि जेतवन महाविहारमा फर्के।

तिस्स भिक्षुले विहारमा अरू भिक्षुहरूलाई आफूले देवताको आत्मासँग भएको घटना विवरण सुनाए। भिक्षुहरूले सोधे कि "आत्माले त्यसरि दुःख दिँदा तिमी रिसाएनौ ?"

तिस्स भिक्षुले भने– "म रिसाइन।"

उसको कुरा नपत्याएर भिक्षुहरूले भगवान बुद्धसँग भन्न गए– "तिस्स भिक्षुले झूठो कुरा भनीरहेको छ।"

तिनीहरूको कुरा सुनेपछि भगवान बुद्धले भन्नुभयो–

"हे भिक्षुहरू तिस्सले सत्य कुरा भनीरहेको छ। उनले अरहत्व लाभ गरीसकेको छ। अब उनी कसैसँग रिसाउने छैन। उसको गृहस्थ वा प्रव्रजित कसैसँग संसर्ग बाँकि रहन्न। यो भिक्षु कसैसँग सम्बन्ध नराखी अल्पेक्ष वा सन्तोषी भएर बस्छ।"

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो। ❖

**ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग**

१) सत्यराज मानन्धर परिवार, चागल, स्व.पिता कालिदास मानन्धरज्यूको पूण्यस्मृतिमा भोजनको लागि रू. ४०००/–
२) नानी मैंया गुरूङ्ग, जोरपाटी रू. १००५/–
३) गौरी संकर मानन्धर, बनेपा रू. १५००/–
४) दिवंगत भक्तलाल चित्रकार, मैतीदेवीको पुण्य स्मृतिमा रू १५००/–
५) केशचन्द्र शाक्य, बनेपा-१०, रू. ५००/–
६) बुद्ध भक्त रंजित, बनेपा रू. ५००/–
७) रिंकु तुलाधर, भोटाहिती रू. ५००/–
८) अपना वज्राचार्य, विशालनगर, जन्मदिनको उपलक्ष्यमा – रू. ५००/–
९) प्रेमज्योती शाक्य, बनेपा-१०, रू. ३००/–
१०) अशोक रत्न, तुयु लक्ष्मी शाक्य, बनेपा- बालिकाहरूलाई खाद्यान्न प्रदान

❀ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :**

११) भूबन काजी शाक्य, बनेपा-१०, आफ्नो जन्म दिनको उपलक्ष्यमा रू. १५,०००/–
१२) डा. सुरेन्द्र बहादुर वादे श्रेष्ठ, श्रीमती बादे श्रेष्ठ, स्व नाति श्रयस वादे श्रेष्ठको पुण्यस्मृतिमा थप रू. १५,०००/–

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्य**

क्र.सं. ८३०

**हेराकेशरी तुलाधर**
भोताहिटी
नेपाल ऊल हाउस
रू. २,०००/–



Downloaded from http://www.dhamma.digital

# अग्र श्राविका विशाखा

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

मगध राज्यको अधीनमा अंग देश पर्दथ्यो । अंगदेशको प्रमुख शहर भद्दिय थियो । भद्दिय शहरका धन कुवेर श्रेष्ठी मिण्डक थिए । उनका पनि छोरा धनन्जय थिए । धनन्जय र उनकी पत्नी सुमनाको कोखबाट विशाखाको जन्म भएको थियो ।

विशाखा सात वर्षकी हुँदा भगवान् तथागत भद्दिय शहरमा पाल्नु भएको थियो । मिंडकका परिवारका सबै सदस्य भगवान् प्रति श्रद्धा राख्दथे । सातवर्षकी विशाखा आफ्ना पाँचसय साथीहरू सहित भगवान्को उपदेश सुन्न गएकी थिइन् । भगवान्को धर्म-उपदेश सुन्दा-सुन्दै सात वर्षकी बालिकाले स्रोतापन्न अवस्था प्राप्त गरिन् । पूर्व जन्मको अधिक पुण्य पारमिताको संग्रह थियो । पूर्व जन्ममा उनी भगवान् काश्यप सम्यक सम्बुद्धका सातजना बहिनीहरू मध्येका एकजना थिइन् । त्यस जन्ममा उनले अनेक पुण्य कार्य गर्नुका साथै गम्भीर साधनाको अभ्यास पनि गरेकी थिइन् ।

मगधराज बिम्बिसारको अधिनमा पाँचजना धन कुबेरहरू थिए– मिडक, जोतिय, जटिल, पुत्रक र काकवलिय । कुनै राज्यमा एकजना मात्र धन कुबेर भए पनि राज्यको आय बृद्धि हुनुका साथै देशको शोभा बढ्दथ्यो । कोशलका अनाथपिण्डक जस्ता धनवान श्रेष्ठी पनि यी धन कुबेर समान थिएन ।

कोशलका राजा प्रसेनजितले मगधराजा बिम्बिसारकी बहिनी र बिम्बिसारले प्रसेनजितकी बहिनी विवाह गरेका थिए । दुबै राजाहरूमा पारस्परिक स्नेह सम्बन्ध थियो । एकपटक प्रसेनजितले बिम्बिसार समक्ष उनका पाँचजना धन कुबेरहरू मध्ये एकजनालाई श्रावस्तीमा बसोवास गराउन आग्रह गरेका थिए । परन्तु ती मध्ये कसैले पनि आफ्नो थलो छोडेर श्रावस्तीमा रहने इच्छा गरेनन् । यस मामलामा बिम्बिसार उनीहरूलाई दबाब दिन पनि सक्दैनथे । धेरै भन सुन गरे पछि श्रेष्ठी मिण्डकका जेठा छोरा, बिशाखाका पिता धनन्जय आफ्ना परिवार सहित कोशल देशमा बस्न राजी भए ।

धनन्जय आफ्नो परिवार सहित कोशल देशको राजधानी श्रावस्तीमा त बसेनन्, श्रावस्ती भन्दा सात योजन टाढा साकेत नामक स्थानमा बस्न थाले । व्यापारको लागि त्यो ठाउँ अत्यन्त अनुकूल थियो । बिशाखा पनि आफ्नो पितासंगै साकेतमा रहन थालिन् ।

त्यहीं बस्दै बिशाखाको विवाह श्रावस्तीका श्रेष्ठी मिगारका छोरा पूण्यवर्धनसंग भयो । विवाह पछि बिशाखा श्रावस्तीमा नै बस्न थालिन् । त्यहाँ बस्दा भगवान्संग सम्पर्क राख्न झन् सजिलो भयो । त्यस समय श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहार स्थापित भइसकेको थियो । भगवान् अक्सर वर्षावास त्यहीं बिताउनु हुन्थ्यो । श्रावस्ती धेरै आवादी भएको नगर भएकोले अधिकभन्दा अधिक मानिसहरू भगवान्को सम्पर्कमा आए, धर्मको सम्पर्कमा आए अतः धेरैको कल्याण भयो ।

धेरै जनसंख्या भएको नगर भएको कारणले बिशाल जेतवन विहार पनि सानो भएको थियो । भिक्षुहरू बस्नका लागि स्थानको अभाव भइरहेको थियो । बिशाखालाई एउटा अर्को विहारको अभाव महसूस भइरहेको थियो । तर आफ्ना ससुरा र पति पुण्यवर्धन भगवान् प्रति श्रद्धा राख्दैन थिए । उनीहरू अन्य सम्प्रदायमा विश्वास राख्ने भएकाले दान दिनु सम्भव नै थिएन । बिशाखा विवाह गरेर आउँदा शुरुका दिनमा उनको गृहस्थी जीवन त्यति सहज थिएन । उनका ससुरा मात्र थिए, सासु थिएन । ससुरा एकदमै कञ्जूस तथा शंकालु स्वभावका थिए । सा-साना कुरामा पनि लान्छना लगाउने, गाली गर्ने गर्दथे । हुँदा हुँदा त एकदिन बिशाखालाई घरबाट निकाल्न नोकरहरूलाई आदेश दिए । यस कुरामा उनले दृढतापूर्वक प्रतिकार गरिन् कि आफू बजारबाट किनेर ल्याएकी दासी होइन । त्यस समय समाजमा दासी प्रथाको चलन थियो । विधिवत विवाह गरेर ल्याएकी दुलहीलाई यसरी घरबाट निकाल्न पाईंदैन । उनका बुबा धनन्जयले उनको सुरक्षाका लागि आठजना प्रसिद्ध व्यक्तिहरूलाई नियुक्त गरेका थिए । अतः तिनीहरूलाई बोलाएर न्यायिक दिलाउन बिशाखाले आग्रह गरिन् । मिगारले पनि ती व्यक्तिहरूलाई बोलाए र सबैका सामू आफ्ना लाञ्छना प्रस्तुत गरे । बिशाखाले त्यसको जवाफ दिइन्–

(१) **प्र. हाम्रो घरमा आएका गुरुजनहरूलाई उनी नमस्कार गर्दैनन्** ?

**उ.** म जुन परिवारमा हुर्केकी थिएँ त्यहाँ कोही नग्न र



Downloaded from http://www.dhamma.digital

बेढंगका पुरुषहरूलाई नमस्कार गर्नु त परै जावस् अगाडि पनि जानु दिईंदैनथ्यो ।

**(२) प्र. आधी रातमा घरबाट बाहिर गएर धेरै बेरसम्म बसिन् ।**

**उ.** मलाई दाहिजोमा दिएको घोडाको बच्चा हुने समय थियो । म आफ्ना दासीहरूसंग बत्ती लिएर हेर्न गएकी थिएँ ता कि त्यसको हेरविचारमा कुनै कमी नहोस् ।

**(३) प्र. हिजो मात्रै म स्वादिष्ट भोजन खाँदै थिएँ, त्यसैबेला एकजना भिक्षु भिक्षा माग्न ढोकामा आइपुगे तब यिनले जवाफ दिंदै भनिन् कि "मेरा ससुरा वासी भोजन गर्दै हुनुहुन्छ ।" यस्तो भनेर उनले मेरो बदनाम गरिन् ।**

**उ.** उहाँले पूर्वजन्ममा भोजनदान गरेर शुभकर्म गरेका थिए त्यसैको फलस्वरुप आज मिठा, स्वादिष्ट भोजन गर्न पाएको छ । पुरानो दानको फल – यो वासी त भयो । अब दान दिंदैन भने ताजा आहारको फल कहाँबाट पाउने ?

**(४) प्र. यिनका पिताले यिनलाई विवाह गरेर पठाउँदा कस्ता कस्ता उपदेश दिए त्यसको पालन गरेर कोही कसरी सुखी हुन सक्छ ?**

**उ.** ती उपदेशहरू सविस्तार सुनाउँदै यसरी स्पष्टीकरण दिंदै भनिन्–

क) भित्रको आगो बाहिर लानु हुँदैन ।

यदि ससुरालका कोही व्यक्तिमा कुनै दोष छ अथवा घरमा कुनै पारस्परिक कलह भएको छ भने बुहारीले बाहिर कसैलाई यस्तो कुरा भन्नु हुँदैन । यो भन्दा ठूलो भित्रको आगो अन्य हुँदैन ।

ख) बाहिरीको आगो भित्र ल्याउनु हुँदैन ।

बाहिर छर-छिमेकीले आफ्नो घर-परिवारका व्यक्तिहरूको निन्दा गरेको छ भने, गाली गरेको छ भने, त्यसलाई सुनेर घरमा कसैलाई बताउनु हुँदैन । यो भन्दा ठूलो आगो अरु हुन सक्दैन ।

ग) दिने व्यक्तिलाई मात्र दिनुपर्छ ।

घरमा कामलाग्ने वस्तु यदि कसैले उधारो माग्न आएको छ भने, जसले त्यो सामान पुनः फर्काउँछ उसैलाई मात्र दिनुपर्छ ।

घ) नदिने व्यक्तिलाई दिनुहुँदैन ।

जसले सामान मागेर लान्छ तर फर्काउँदैन, त्यस्तो व्यक्तिलाई सामान उधारो दिनुहुँदैन ।

हाम्रो जीवनमा यस्तो घटना प्रायः घटिरहेको हुन्छ कि आफ्नो घरमा काम लाग्ने सामान अरुलाई उधारो दिन्छौं तर त्यो सामान फकाईदैन । यस्तो हुँदा त्यो सामान पनि गुमाउँछौं र त्यो ब्यक्तिसंगको स्नेह सम्बन्ध पनि गुमाउँछौं । सामान उधारो नै दिएन भने कमसेकम स्नेह सम्बन्ध मात्र बिग्रिने भयो ।

ङ) दिने अथवा नदिने दुबैलाई दिनुपर्छ ।

यस्तो सामान जुन नफर्काउँदा पनि आफ्नो घरमा केही फरक पर्दैन अथवा त्यो सामान नफर्काउँदा पनि सहन सकिन्छ भने त्यो ब्यक्ति चाहे धनी होस् अथवा गरीब होस्, चिनेको ब्यक्ति होस् अथवा नचिनेको ब्यक्ति होस्, कसैले माग्छ भने दिए हुन्छ । यसरी अरुको सहायता ठानेर दिएको वस्तु नफर्काउँदा मनमा कुनै किसिमको कटुटता आउने छैन ।

च) सुख पूर्वक बस्नुपर्छ ।

जब घरमा सासु-ससुरा, पति तथा अन्य जेठा व्यक्तिहरू उभिरहेको छ भने बुहारी बस्नु उचित हुँदैन । सबैजना बसिसकेपछि बस्नुलाई नै सुखपूर्वक बसेको मानिन्छ ।

छ) सुख पूर्वक खानु पर्छ ।

यस्तै प्रकारले घरका सबैलाई खुवाईसकेपछि मात्र गृहिणीले खाना खानु पर्छ, यसरी खानु नै सुखपूर्वक खानु मानिन्छ ।

ज) सुख पूर्वक सुत्नु पर्छ ।

घरको सम्पूर्ण काम सकाए पछि, ठूला बडाहरूको सेवा टहल गरिसकेपछि मात्र बुहारी सुतेको राम्रो मानिन्छ, यसरी सुतेको नै सुखपूर्वक सुतेको मानिन्छ ।

झ) अग्निको परिचर्या गर्नुपर्छ ।

पति, सासू, ससुरा तथा परिवारका अन्य बृद्धजनहरूलाई आगो झैं तेजस्वी ठानेर सेवा-सुश्रूषा गर्नुपर्छ ।

ञ) भित्रका देवताहरूलाई नमस्कार गर्नुपर्छ ।

पति, सासू, ससूरा तथा परिवारका अन्य बृद्ध जनहरूलाई कुलदेवताहरू झैं ठानेर सधैं नमस्कार गर्नुपर्छ, आदरभाव राख्नुपर्छ ।

यसरी आफ्ना बुबाले दिएको शिक्षाको बारेमा बिशाखाले स्पष्टीकरण दिइन् । यस्तो उत्तर सुनेपछि मिगार अत्यन्त प्रभावित भए । अब उप्रान्त बिशाखाले भगवान्लाई घरमा आमन्त्रित गर्न सक्ने भयो । बिशाखाले खुसी हुँदै भगवानलाई भोजनको लागि निमन्त्रणा दिइयो । भोजनपछि तथागतद्वारा धर्म-उपदेश दिनुभयो ।



Downloaded from http://www.dhamma.digital

मिगार अन्य सम्प्रदायका अनुयायी थिए, त्यसैले पर्दाको पछाडि रहेर उपदेश सुन्दै रहे, भगवान्को अगाडि आउन सकेन । तर उनी पूर्व जन्मका पारमी सम्पन्न व्यक्ति थिए । अतः भगवान्को उपदेश सुन्दा सुन्दै अनित्य बोधको प्रवाह अनुभव हुन थाल्यो र त्यसलाई हेर्दा-हेर्दै नै परम सत्यको साक्षात्कार भयो । उनको नयाँ जन्म भयो । अनार्यबाट आर्य बने । अनि आफ्ना बुहारी प्रति अत्यन्तै कृतज्ञता विभोर भए । भगवान्को उपदेश सकिने बित्तिकै पहिला आफ्नो बुहारी बिशाखालाई नमस्कार गरे र भने तिमी मेरी आमा हौ । तिमीले नै मलाई आज नयाँ जन्म दियौ । यस समयदेखि बिशाखा मिगार माताको नामले प्रख्यात भइन् । यसको धेरै समय पछि बिशाखाले एउटा छोरो जन्माइन्, उनको नाम पनि "मिगार" नै राखियो । यसकारण पनि उनलाई मिगारमाता भनियो । आफ्ना ससुरा मिगार र पति पुण्यबर्धन भगवान्को श्रद्धालु उपासक भएपछि मात्र उनलाई भगवान्को धर्म उपदेश सुन्न विहारमा जान आउन सहज भयो ।

एकसमय बिशाखा अन्य समारोहबाट सीधै श्रावस्तीको जेतवन विहारमा भगवान्को उपदेश सुन्न गइन् । भव्य पहिरन र महँगा गहनाहरूले सजिएकी थिइन् । विहारमा पुग्दा उनलाई होश आयो कि ओहो यस्ता झकिझकाउ गहनाले सजिएर भगवान कहाँ कसरी जानु ? अतः आफ्ना गहना फुकालेर एउटा रुमालमा पोको पारी एकठाउँमा राखिन् र उपदेश सुन्न गइन् । भगवान्को गहकिलो उपदेश सुनेर फर्किंदा गहनाको पोको त्यहाँ थिएन, कसैले लिएर अर्को ठाउँमा राखेको रहेछ । "ओहो, कसैले लिइसकेको भएपछि अब मेरो रहेन, अरु कसैको भयो" यस्तो सोचेर आफूले लिन त्यसको करोडौंको अधिक मूल्य हालेर फेरि आफैंले किने । उनलाई दान दिनु नै थियो उनले सत्ताइस करोड खर्च गरेर जेतवन विहारको पूर्वपट्टि पूर्वाराम विहारको निर्माण गरेर भिक्षु संघलाई दान दिए । भगवान्ले उनलाई दानी उपासिकाहरू मध्येमा अग्रको उपाधि दिनुभयो ।

एकदिन आफूले गरेको दान र पुण्य कर्मलाई सम्झेर उदान वाक्य गाउँदै थिई । बिशाखा गीत गाइरहेको सुनेर भिक्षुहरूले भगवानलाई भन्न गए कि– "भगवान्, बिशाखा गीत गाउँदैछिन् ।" यस्तो सुनेर भगवान्ले उनीहरूलाई सम्झाउँदै भन्नुभयो जसरी निपूर्ण मालाकार विभिन्न प्रकारका फूलहरू बटुलेर अति सुन्दर फरक फरक मालाहरू उन्छन् त्यस्तै गरि बिशाखाको चित्त पनि विभिन्न प्रकारका पुण्य गर्ने मन भइरहेको छ । यसरी बुझाउनु हुँदै एउटा गाथा भन्नुभयो–

**यथापि पुप्फरासिम्हा कयिरा मालागुणे बहु ।**
**एवं जातेन मच्चेन कत्तब्बं कुशलं बहुं ॥**

धम्मपद- ५३/१०

जसरी चलाक मालाकारले राम्राराम्रा फूलहरूद्वारा विभिन्न मालाहरू गाँस्छिन् । त्यसरी नै जन्मेका प्राणीहरूले विभिन्न पुण्य कार्य गरी सञ्चय गर्नुपर्छ ।

बिशाखाको विशाल परिवार थियो । उनलाई आफ्ना नाति-नातिनीहरू प्रति अत्यन्त प्रेम थियो । एकदिन ती मध्येका एकजना नातिनी दन्तकुमारीको मृत्यु भएको थियो । बिशाखाले सहन सकिन शोकले ब्याकुल हुँदै भगवान्लाई भेट्न गइन् । भगवान्ले सोध्नुभयो– "बिशाखा किन, तिमी दुःखी, दुर्मन भएर रुँदै छौ ?"

"भन्ते ! व्रत सम्पन्ना मेरी नातिनी दन्तकुमारीको मृत्युभयो ।"

"बिशाखे ! श्रावस्तीमा कति मान्छेहरू छन् ?"

"भन्ते ! हजुरले सात करोड बताउनु भएको हो इन र ?"

"बिशाखे, श्रावस्तीमा प्रतिदिन कति मर्छन् ?"

"धेरै मर्छन् होला भन्ते ।"

"यसरी मर्दा तिमी रात दिन रुँदै कराउँदै घुम्छौ होला होइन ?"

"भन्ते ! रोक्नुहोस् अब मैले बुझें ।"

"यसैले बिशाखा ! शोक नगर्नु, शोक प्रेमको कारणबाट हुन्छ ।"

भगवान्ले यसरी एउटा गाथा भन्नुभयो–

**पेमतो जायेते सोको पेमतो जायते भयं ।**
**पेमतो विप्पमुत्तस्स नत्थि सोको कुतो भयं ॥**

*धम्मपद- २१३/५*

- प्रेमले नै शोक उत्पन्न हुन्छ, प्रेमले नै भय उत्पन्न हुन्छ, प्रेम नभएकालाई शोक हुँदैन भने भय कहाँबाट हुन्छ ?

यसरी बिशाखा आफूलाई आइपरेका समस्याहरू लिएर भगवान् कहाँ जाने गर्दथिन् र भगवान्ले धर्म उपदेश दिनुहुँदै त्यसको समाधान गर्नु हुन्थ्यो । उनीलाई दिनुभएको उपदेश हाम्रा लागि पनि अत्यन्तै कल्याणकारी छन्, मंगलकारी छन् ।

*(साभार- 'विपश्यना' बुद्ध वर्ष २५५७, वर्ष३०, अङ्क५)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–१०

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

अरूसँग काम गर्दा आ-आफ्ना तथाकथित परम्परा र रीतिथितिको आधारमा अरूको भावनामा ठेस पुऱ्याउनु हुन्न। सबैले आ-आफ्ना धर्मका सिद्धान्त तथा नैतिक शिक्षा अनुसारका रीतिथिति र परम्परा अपनाउन पाउनु पर्छ।

जातीय असहिष्णुताले धार्मिक तथा आध्यात्मिक उन्नतिमा ठूलो अवरोध खडा गरेको छ। आफ्नो जातिय अभिमानलाई पन्छाउन सक्ने व्यक्तिहरूले अनुभव गर्न सक्ने शान्ति र सौहार्द्रताबारे बुझाउन बुद्धले महासागरको पानीको उपमा दिनु भएको छः। विभिन्न नदीहरू विभिन्न नामबाट जानिन्छन्, तर ती नदीहरू बगेर आई महासागरमा मिसिन्छ र महासागरको पानी बन्दछ। ठीक यस्तै प्रकारले विभिन्न समुदाय र विभिन्न जातहरूबाट आएका मानिसहरूले आ-आफ्ना विभिन्नतालाई बिर्सी मात्र हामी सबै मानिस हौं भनी सोच्नु पर्दछ।

## आफ्नो रक्षा आफै गर

**आफ्नो रक्षा गर्नेले अरूको रक्षा गरेको हुन्छ**
**अरूको रक्षा गर्नेले आफ्नै रक्षा गरेको हुन्छ**

भगवान बुद्धले एकपटक भिक्षुहरूलाई एउटा कथा सुनाउनु भएको थियो–

"एक ठाउँमा एक जोडा चटकेहरू थिए, जो बाँसमा आफ्ना आश्चर्यपूर्ण चटकहरू देखाउँथे। एकदिन गुरुचाहिँले शिष्यलाई भने– 'मेरो काँधमा बस र बाँसमा चढ।' शिष्यले त्यसैगरे, गुरुले फेरि भने– 'अब तिमीले राम्ररी मेरो बचाउ गर र म तिम्रो बचाउ गर्छु।' यसरी हामीले आफ्नो कौशल देखाउन सक्छौं, हाम्रो आम्दानी पनि बढ्ने छ र त्यसपछि बिस्तारै तिमी ओर्ल।' तर शिष्य चाहिंले भने– 'त्यसो होइन गुरु! गुरुजी! तपाईं आफ्नो बचाउ गर्नुस् र म आफ्नो गर्छु। यसरी स्व-बचाउ र स्व-रक्षाबाट हामीले आफ्ना चटक देखाउन सक्छौं।"

"यही ठीक तरिका हो" बुद्धले भन्नुभयो– "शिष्यले भने जस्तै हामीले पनि म आफ्नो बचाउ गर्छु" भनी होशपूर्वक जिउने बानी बसाल्ने अभ्यास गर्नुपर्छ। "म अरूको बचाउ गर्छु" भने जस्तै गरी होशपूर्वक जिउने बानी बसाल्ने अभ्यास गर्नुपर्छ। "आफ्नो रक्षा गर्नाले अरूको पनि रक्षा गरेको हुन्छ र अरूको रक्षा गर्नाले आफ्नो पनि रक्षा गरेको हुन्छ"

"र कसरी आफ्नो रक्षागर्नाले अरूको रक्षा गरेको हुन्छ?" ध्यानको बारम्बार र निरन्तर अभ्यासबाट सम्भव हुन जान्छ।

"र कसरी अरूको रक्षा गर्नाले आफ्नो पनि रक्षा गरेको हुन्छ?" संयम र सहनशीलताबाट, अहिंसा र कुशल व्यवहारबाट, मैत्री र करूणाबाट। (सतिपट्ठान, संयुक्त नं. १९)

**"आफ्नो रक्षा गर्नाले अरूको रक्षा गरेको हुन्छ"**
**"अरूको रक्षा गर्नाले आफ्नो पनि रक्षा गरेको हुन्छ"**

यी दुई वाक्यहरू एक अर्काका पूरक हुन् र अलग अलग गरी लिन वा उदृत गर्न हुन्न।

आजभोलि जब सामाजिक सेवामा बढी जोड दिइन्छ त मानिसहरू आफ्ना विचारहरूलाई बढावा दिन दोश्रो वाक्य मात्र उदृत गर्न लालायित हुन्छन्। तर एकपक्षिय उद्धरणले बुद्धको भनाइको गलत अर्थ लाग्न जान्छ। बुद्धले बताउनु भएको उक्त कथामा बुद्धले शिष्य चाहिंको– अरूलाई हानी हुनबाट जोगाउन पहिले आफूले आफ्नो पाइलालाई राम्ररी हेर्नुपर्छ भन्ने भनाइ माथि जोड दिनुभएको कुरा यहाँनिर बिर्सनु हुन्न। जो त हिलोमा डुबिरहेको छ उसले अरूलाई मद्दत गर्न सक्दैन। यस अर्थमा स्व-सुरक्षा स्वार्थी सुरक्षा ठहरिन्न। यो त आत्मनियन्त्रण तथा नैतिक र अध्यात्ममा स्व–उन्नत हुन सिक्ने अभ्यास हो।

आफ्नो रक्षा गर्नेले अरूको रक्षा गरेको हुन्छ– यस भनाईको सत्यता सरल र व्यवहारिक छ। स्थूल रूपमा यसको सत्यता स्व–स्पष्ट छ। यसबारे अरू केही थप्न आवश्यक छैन। यो त स्पष्टै भएको होकि जहाँ संक्रामक रोगहरू फैलिएको छ त्यहाँ आफ्नो स्वास्थ्यको रक्षा गर्नाले आफ्नो नजिकको र टाढाको समेत स्वास्थ्यलाई रक्षा गरेको हुन्छ। हाम्रा असावधानी र लापर्वाहीबाट पर्न जानसक्ने हानीबाट अरूलाई रक्षा गर्न हामीले आफ्नो हरेक क्रियाकलापमा होशियारी र पूर्वसावधानी अपनाउनु पर्छ। गाडी चलाउँदाखेरि होशियारीपूर्वक हाँक्ने, मादक पदार्थको सेवन नगर्ने, हिंसालाई निम्त्याउन सक्ने स्थितिमा आत्म-संयमी हुने, यी र यस्ता अनेक उपायबाट हामीले आफ्नो रक्षा गरी अरूको पनि रक्षा गर्न सक्ने हुन्छौं।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# देवता र मनुष्यको आयुः एक तुलनात्मक अध्ययन

✍ **पूर्णमान महर्जन**

आयु भन्नाले एक नवजात शिशु हाल प्रचलित मृत्युदर अनुसार सरदर कति वर्ष बाँच्दछ भन्ने कुरा बुझिन्छ । मानिसको सरदर आयु ठाउँ अनुसार फरक फरक पाइन्छ । खासगरेर सम्पन्न र विकसित मुलुकमा आयु बढी पाइन्छ भने अविकसित मुलुकमा कम देखिन्छ। जापान, फ्रान्स, स्विजरलैण्ड, स्विडेन, क्यानाडा, अष्ट्रेलिया, सिंगापुर आदि मुलुकहरूमा सरदर आयु बढी छ भने अफ्रिकी मुलुकहरू जाम्बिया, जिम्बावे, अंगोला, मलावी, बोत्सवाना, मोजाम्बिक, सोमालिया, रवाण्डा आदिमा कम पाइन्छ । नेपालको सम्बन्धमा हेर्ने हो भने वि.सं २०११ सालमा गरिएको प्रक्षेपण अनुसार त्यसबेला नेपालीहरूको सरदर आयु २८ वर्ष थियो भने सबैभन्दा पछिल्लो तथ्याँङ्क अनुसार यहाँको सरदर आयु ६८.२ वर्ष रहेको छ । शिक्षा एवम् स्वास्थ क्षेत्रमा भएको प्रगति नेपालमा सरदर आयु बढ्नाका मूल कारण हुन् ।

बह्माण्ड/अन्तरीक्षभरिमा अनन्त चक्रवालहरू छन्। स्थविरवादी परम्पराको बुद्धधर्मानुसार १ चक्रवालमा प्राणीहरूको लागि ३१ लोक (भूमि) छन् । ब्रह्मलोक २० (१६ रूप र ४ अरूप), ६ देवलोक,४ अपाय (दुर्गति) र १ मनुष्य भूमि हुन् । उपरोक्त भूमिहरूमा सबैभन्दा बढी आयु ब्रह्मलोकमा रहने ब्रह्माहरूको रहेको कुरा ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ, जहाँको आयु हजारौं कल्प रहेको हुन्छ । यो कुरा निम्न तथ्यले पनि स्पष्ट गर्दछ । बुद्ध हुनुभन्दा पहिले आकार कालाम र उद्दकरामपुत्रको सिद्धार्थ गौतमलाई धेरै उपकार थिए । बुद्धत्व प्राप्तिपछि वहाँ धर्म प्रचार गर्नमा अनुत्साहित भएको देखेर सहम्पति ब्रह्माले अशुद्ध धर्मलाई हटाई निर्मल निर्वाण धर्मको ढोका खोलिदिनुहोस् भनी प्रार्थना गरेपछि शास्ताले आफूले प्राप्त गर्नुभएको ज्ञानलाई प्रचार प्रसार गर्ने निधो गर्नुभयो । सर्वप्रथम धर्मउपदेशका लागि आफूलाई उपकार गरेका आकारकालाम र उद्दकरामपुत्रलाई सम्झनुहुँदा आलारकालाम मृत्यु भएर ६० हजार कल्प आयु भएको 'आकिञ्चञ्ञायतन' अरूप ब्रह्मलोकमा उत्पन्न भएको र उद्दकरामपुत्र मृत्युपश्चात ८४ हजार कल्प आयु भएका 'नैवसंज्ञानासञ्ञायतन' भन्ने अरूप ब्रह्मलोकमा उत्पन्न भएको व्यहोरा तथागतले थाहा पाउनु भएको थियो ।

भगवान् बुद्धको समयमा श्रावस्तीमा एकजना विशाखा महाउपासिका थिईन्। उनले श्रावस्तीको पूर्वतिर २७ करोड धन खर्च गरी पूर्वाराम महाविहार निर्माण गरी दिएकी थिईन् । पद्मोत्तर बुद्धको पालादेखि गर्दै आएकी धर्मानुकूल आचारणबाट सुशिक्षित ज्ञान र बुद्धि आर्जन गरेकी थिईन् । सिर्फ ७ वर्षकी हुँदा भगवान् बुद्धले गर्नुभएको धर्मदेशना सुनेर उनी श्रोतापन्न फलमा प्रतिष्ठित भई १२० वर्षसम्म बाँचेर मृत्युपश्चात् निर्माणरति देवलोकमा उत्पन्न हुन गएकी थिईन्। मृगार माता संज्ञा पाएकी विशाखालाई आर्य-उपोसथ व्रतको फल महान र प्रभावशाली हुन्छ ।

कुनै स्त्री र पुरुषले उपोसथ शील पालन गरेमा उनीहरू मृत्युपछि ६ देवलोकहरू मध्ये कुनै एक देवलो कमा उत्पन्न हुन्छ र दिव्य सुखको अगाडि मनुष्यको राज्य सुख कृपण (आधा कौडी) समान हुन्छ भनेर उपदेश दिने क्रममा विभिन्न देवलोकमा रहने देवताहरूको आयुबारे तथागतले यसरी आज्ञा गर्नुभएको थियो–

चातुर्महाराजिक देवताहरूको एक दिन एक रात बराबर मनुष्यहरूको ५० वर्ष हुन्छ । त्यहाँ पनि ३० दिनको एक महिना र १२ महिनाको एक वर्ष हुन्छ । त्रयत्रिंश देवताहरूको दिव्य आयु १००० वर्ष हुन्छ। यामा देवलोकमा रहने यामा देवताहरूको एक दिन एक रात बराबर मनुष्यको २०० वर्ष हुन्छ। वहाँहरूको पनि ३० दिनको एक महिना र १२ महिनाको एक वर्ष हुन्छ। यामा देवताहरूको आयु २००० वर्ष हुन्छ । यसैगरी तुषित देवलोक बासीको एक दिन एक रात बराबर मनुष्यको ४०० वर्ष हुन्छ र त्यही अनुसार त्यहाँका देवताहरूको आयु ४००० वर्ष हुन्छ । निर्माणरति देवताहरूको एक दिन एक रात बराबर मनुष्यको ८०० वर्ष हुन्छ र त्यहाँ रहने देवताहरूको आयु ८००० वर्ष हुन्छ । परनिर्मित वशवर्ती देवलोकमा रहने देवताहरूको एक दिन एक रात बराबर चातुर्महाराजिक देवताहरूको आयु ५००



Downloaded from http://www.dhamma.digital

वर्षको हुन्छ। त्रायत्रिंश देवताहरूको एक दिन एक रात बराबर मनुष्यहरूको १०० वर्ष हुन्छ। त्यहाँ पनि ३० दिनको एकमहिना र १२ महिनाको एक वर्ष हुन्छ। मनुष्यको १६०० वर्ष हुन्छ र वहाँको देवताहरूको आयु १६००० वर्ष हुन्छ। तुषित, निर्माण- रति र परनिर्मित वशवर्ती देवताहरूको पनि ३० दिनको एक महिना र १२ महिनाको एक वर्ष हुन्छ। उपरोक्त कुरालाई मनन गरेमा विभिन्न देवलोकमा रहने देवताहरूको आ-आफ्नो समयानुसार दिव्य आयु ५०० देखि १६०० वर्ष रहेको स्पष्ट हुन्छ।

**देवलोकको आधारमा मनुष्यको आयु**
**(अनुष्यको आयु ७५ वर्ष या २७३७५ दिनको गणना अनुसार)**

| देवलोक | देवताहरूको दिन | मनुष्यको वर्ष | मनुष्यको दिन | मनुष्यको आयु | |
|---|---|---|---|---|---|
| | | | | दिन | घण्टा र मिनेट |
| चातुर्महाराजिक | १ | ५० | १८२५० | १.५ | ३६ घ |
| त्रयत्रिंश | १ | १०० | ३६५०० | ०.७५ | १८ घ |
| यामा | १ | २०० | ७३००० | ०.३७५ | ९ घ |
| तुषित | १ | ४०० | १४६००० | ०.१८८ | ४ घ ३० मि |
| निर्माणरति | १ | ८०० | २९२००० | ०.०९४ | २ घ १५ मि |
| परनिर्मित वशवर्ती | १ | १६०० | ५८४००० | ०.०४७ | १ घ ०७मि |

पृथ्वीको मध्यभागमा पूर्व पश्चिम फैलिएर रहेको काल्पनिक रेखालाई भूमध्यरेखा भनिन्छ। यस भूमध्यरेखिय क्षेत्रमा वर्षैभरी दिन रातको लम्बाई सालाखाला बराबर हुन्छ। सूर्यको स्थिति अनुसार त्यस भूमध्यरेखादेखि उत्तर र दक्षिणतिर दिन रातको लम्बाई फरक हुँदै गएको हुन्छ। तर देवलोकको चातुर्महाराजिक भुवनदेखि परनिर्मित वशवर्ती भुवनमा दिन र रातको लम्बाईमा क्रमशः वृद्धि हुँदै गएर चातुर्महाराजिक देवलोकमा मनुष्यलोकको समयानुसार २५ वर्ष दिन र २५ वर्षको रात हुन्छ भने परनिर्मित वशवर्ती देवलोकमा ८०० वर्षको दिन रू ८०० वर्ष बराबरको रात हुन्छ। विभिन्न देवलोकको एक दिन एक रातको समयलाई मनुष्यलोकको समय जस्तै २४ घण्टा र मानिसको सरदर आयु ७५ वर्षको गणनामा आधारित उपरोक्त तालिकालाई मध्यनजर राखेमा चातुर्महाराजिक देवताहरूको समयानुसार मनुष्यको आयु ३६ घण्टा र परनिर्मित दशवर्ती देवताहरूको आधारमा १ घण्टा ७ मिनेट मात्र रहेको पाइन्छ। यस बाहेक त्रयत्रिंश देवलोकको समयानुसार १८ घण्टा, यामाको अनुसार ९ घण्टा, तुषितको अनुसार ४ घण्टा, ३० मिनेट र निर्माणरहितको आधारमा मनुष्यको आयु २ घण्टा १५ मिनेट मात्र देखिन्छ। अर्को रूपमा भन्नुपर्दा विभिन्न देवलोकका देवताहरूको समयनुसार मानिसको आयु मात्र १ घण्टा ७ मिनेट देखि बढीमा ३६ घण्टा रहेको छ। त्यसैले युधञ्चय जातकका बोधिसत्व युधञ्चय (युवराज/उपराज) ले आफ्नी आमालाई भन्नुभएको थियो–

**"उस्सावोव तिणगम्हि, सूरियुग्गमनं पति।**
**एवमायु मनुस्सानं, मा मं अम्मं निवारयाति॥"**

अर्थात्– जसरी घाम लाग्ने बित्तिकै घाँसको टुप्पोमा रहेको शीतको थोपा झर्ने/सुक्ने गर्दछ, मनुष्यको आयुको पनि त्यही अवस्था भएको हुनाले आमा! मलाई प्रव्रजित हुनबाट नरोक्नुहोस्।

६ वटा देवालोकमा सबैभन्दा कम आयु रहेको देवलोक चातुर्महाराजिक हो। त्यहाँ रहने देवताहरूको आयु पनि मनुष्यको समय अनुसार ९१२५००० वर्ष रहेको हुन्छ। त्यस्तै गरेर त्रयत्रिंशमा ३६५ लाख वर्ष, यामामा १४६० लाख वर्ष, तुषितमा ५८४० लाख वर्ष, निर्माणरतिमा २३३६० लाख वर्ष र परनिर्मित वशवर्ती देवलोकमा रहने देवताहरूको आयु मनुष्यको समयानुसार ९३४४० लाख वर्ष रहेको हुन्छ। देवताहरूको आयु मनन गर्दा मानिसको समय अनुसार तल्लो देवलोकदेखि माथिल्लो देवलोकसम्म रहने देवताहरूको आयु क्रमशः ४ गुणाले वृद्धि हुँदै गएको देखिन्छ। यसर्थ चातुर्महाराजिक, त्रयत्रिंश, यामा, तुषित, निर्माणरति र परनिर्मित वशवर्ती गरी ६ वटा देवलोकमा रहने देवताहरूको दिव्य आयुको तुलनामा मनुष्यको आयु अत्यन्त न्युन रहेको कुरा स्पष्ट हुन्छ। मानिसको अत्यन्त अल्प आयु भएको हुनाले प्रशस्तरूपले समृद्ध भएका देशहरूमा राज्य गर्ने राजाको राज्य सुख देवताहरूको दिव्य सुखको अगाडि कृपण (आधा कौडी) समान मात्र हुन्छ भनी भगवान् बुद्धले विशाखालाई उपदेश गर्नु भएको थियो। ❖



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-८

*मूल पालि अनुवादक* - **भिक्षु अमृतानन्द**
*नेपाली अनुवादिका* - **शरणशीला**



*(१०) सपना देखेको दृश्य– अमूल्य भाँडो दिई मुल्यहीन सिंके अथवा गुन्द्रक साटेर लिएको दृश्य ।*



*अर्थ– कलियुगमा मानिसहरू बुद्धको अमूल्य उपदेश साटी मुल्यहीन धनको लोभ गर्नेछन् ।*



Downloaded from http://www.dhamma.digital

(११) "भन्ते ! एक लाख मोल पर्ने श्रीखण्डको सार, कुहिसकेको महीसित साटिलिए । यो मेरो एघारौं सपना हो यसको फल के हुने हो ?"

"महाराज ! यसको फल भविष्यमा शाक्यमुनि बुद्धको शासन सिद्धिने बेलामा हुनेछ । भविष्यमा प्रत्यय (=वस्तु) लोभी, निर्लज्जी भिक्षुहरू धेरै हुने छन् । उनीहरूले भगवान् बुद्धले जुन उपदेश "वस्तु-लोभ त्याग्नु पर्दछ ।" भनी बताउनु भएको छ त्यही उपदेशलाई चीवरादि वस्तुको आशा लिई अरूलाई बताउने छ । प्रत्ययको आशा नलिई संसारबाट उत्तीर्ण हुने लक्ष लिएर, निर्वाण अगाडि राखी धर्मोपदेश गर्न सक्ने छैनन् । यसको उल्टो "मेरो मधुर स्वरको उपदेश सुनी मानिसहरू मलाई चिवरादि दान दिने छन् ।" भन्ने आशा राखी धर्मोपदेश गर्ने छन् । फेरि कोही भिक्षुहरूले दोबाटो, चौबाटो, राजद्वार वा अरू नै ठाउँमा बसी, कार्षापण, अर्धपाद, मासक र रूपी (यी सबै बुद्धको पालाका रूपियाँ, पैसाहरू हुन् ।) आदिको कारणमा धर्मोपदेश गर्ने छन् । यस प्रकारले भिक्षुहरूले निर्वाण उद्देश्य बनाई बताइराखेको धर्मलाई चतुप्रत्यय र मूल्यको कारणमा आदेश गर्ने छन्– एकलाख मोल पर्ने चन्दन सार, कुहिसकेको महीसित साटिलिए जस्तै । यसको कारणले तपाइँलाई हानि हुने छैन । बाह्रौं सपनाको कुरा सुनाउनुहोस् ।"



*(१२) सपना देखेको दृश्य– लौकाको फुस्रो टुम्बा पानीमा चुर्लुम्म डुबेको दृश्य*

(१२) "भन्ते ! खोक्रो लौका (=टुंबा) नदीमा डुब्यो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि पछिका राजाहरू, जो कि अधर्मी हुने छन्, को पालामा लोक परिवर्तन भएर आउने बेलामा हुन्छ । त्यस समयका राजाहरूले कुलीन पुत्रहरूलाई यश दिने छैनन्, अकुलीनहरूलाई मात्र यश दिने छन् । यसरी अकुलीन पुत्रहरूलाई ऐश्वर्य प्राप्त भई कुलीन पुत्रहरू दरिद्र हुने छन् । राजाको अगाडि, राजद्वारमा, अमात्यहरूको अगाडि र न्यायालयमा पनि खोक्रो लौका पानीमा डुबे झैं उनीहरूकै कुरा



Downloaded from http://www.dhamma.digital



*अर्थ– कलियुगका मानिसहरूले सत्पुरुषहरूको सार ज्ञानलाई मतलबहीन ठान्ने गर्छन् ।*

स्थिर, निश्चल, सुप्रतिष्ठित हुनेछ । संघ सभामा पनि, संघ र गणहरूको कार्यशाला, पात्र, चीवर परिवेणादि सम्बन्धमा र न्याय गर्ने ठाउँमा पनि दुश्शील पापकारीहरूकै मात्र वचन कल्याण ठानी मान्यता दिने छन् । लज्जावान् भिक्षुहरूको वचन कल्याणकारी सम्झने छैनन् । यसप्रकारले सबै ठाउँमा खोक्रो लौका पानीमा डुबे झैं हुनेछ । यसको कारणबाट पनि तपाइँको हानि हुने छैन । अब तेह्रौं सपनाको बारेमा सुनाउनुहोस् ।"

*क्रमशः*

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ पञ्च भद्रवर्गिय भिक्षुहरूमा सबभन्दा जेठो कौण्डन्यलाई सबभन्दा पहिले उपसम्पदा दिइएको (=भिक्षु बनाइएको) थियो । यसरी बुद्ध-धर्ममा प्रथम भिक्षु बन्ने ब्यक्ति थियो– **कौण्डन्य** ।

★ पंच भद्रवर्गिय भिक्षुहरू धर्मचक्र प्रवर्तनपछि **अनत्त लक्खण सुत्र**को देशनाको समय अरहत् (=क्लेश मुक्त) भएका थिए ।

★ सर्वप्रथम त्रिरत्नको शरण जाने (=त्रैवाचिक शरण जाने) व्यक्ति थिए - यश कुमारको पिता ।

*(साभार- बौद्ध दर्पण)*

## मछिंगु नुगः

**✍ लेलिन शाक्य**

यः मां छन्त स्वयदइगु हाकनं गबले ?
पियाच्वना आशां छंम्ह मचा थुबले

छन्त मखंसांनिसें ख्वःगु थ्व मन
मदी ख्वबिलः हाय्गु थ्व अय्नं

झलझली मिखाय् लुमन्ति वः थें
वहे लूलिसें मां हे जक लूथें

ल्वःमंके मफु मां छं याःगु गुण
नुगलय् दनि अरे दनि जिके थौ नं

सःते दइ हाकनं मां छन्त गबले ?
मछिंसे वइगु नुगले थ्व न्ह्याबलें



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–१९

*अनुवाद*– **देवकाजी शाक्य**

– १८३ –

– नभक्षेत्रप्रतिको बौद्ध दृष्टिकोणले हाम्रो सोच र परिकल्पनालाई सबै दिशामा फैलाउन सक्छ ।

– १८४ –

– सरकारको उद्देश्य स्वतन्त्रता र लोकतन्त्र हो ।
– समाजको लक्ष सहयोग र सुख हो ।
– कुटनीतिको उद्देश्य आपसी सम्मान र शान्ति हो ।
– हाम्रो जीवनको लक्ष मुक्ति र अनासक्ति हो ।

– १८५ –

– नदीहरू उपयोगी हुन बग्नै पर्छ ।
– हावा स्वच्छ र ताजा हुन बहनै पर्छ ।
– धनसम्पत्ति फलदायी हुन पनि एकै ठाउँमा रहिरहनु हुन्न, तरल हुनै पर्छ ।
– चित्त सफा र स्वच्छ हुन मन पनि चल्नै पर्छ अर्थात् बग्नु पर्छ ।

– १८६ –

– असल चालचलन, चरित्र र असल भाग्यको साथमा तिमी कलिलै उमेरमा धनी बन्न सक्छौ ।
– असल बानी व्यहोरा, स्वभाव र खराब भाग्यको साथमा तिमीले काम चलाउन सकछौ ।
– खराब चरित्र र असल भाग्यको साथमा तिम्रो रोजगार समृद्ध हुन सक्दैन ।
– खराब आचारविचार संहिता र खराब भाग्यको साथमा तिमी नमरून्जेल गरीब नै रहने छौ ।

– १८७ –

– प्रेमपूर्वक बोलिएका वाणी र शब्दहरू मीठो संगीत समान हुन् ।
– एक मुस्कान फूलको फुल्न लागेका कोपिला समान हुन् ।
– दया हिलैहिलोको संसारमा एक स्वच्छ सफा कलकल गर्दै बगेका खोला समान हुन् ।
– सत्य सुख्खापछिका वर्षा समान हुन् ।

– १८८ –

– कारण र परिणाम नियम उच्चतम नियम हुन् ।
– सत्य असीम सम्पदा हो ।
– बुद्धप्रकृति जीवन्त जीवन हो ।
– क्लेश उठ्ने र नष्ट हुने मिथ्या आत्मदृष्टि हो ।

– १८९ –

– प्राचीन समाज बत्तीको आविष्कारको माध्यमबाट आदिम जीवनबाट जोगियो ।
– एउटा सानो बत्तीबाट हजारौं वर्षसम्म अँध्यारोमा रहेको कोठा झलमल उज्यालो हुन्छ ।
– नाविकहरू जलदीपको सहायताबाट जहाजलाई ढुङ्गा चट्टानको ठक्करबाट बचाउँछन् ।
– गाडी हाँक्ने चालकहरूलाई यात्रा संकेतका प्रकाशद्धारा पथ प्रदर्शन गराइन्छ ।

– १९० –

– बुद्धप्रति आस्था मात्र नदेखाऊ: बुद्धका उपदेशहरू पनि अध्ययन गर ।
– सूत्रहरूलाई सिकाउने मात्र नगर: तिनीहरूलाई पढेर जान ।
– असल कामहरू गर्ने बारे विचार मात्र नगर: गरेर देखाऊ ।
– चित्तलाई परिष्कृत मात्र नगर: कार्यहरू गरेर देखाऊ ।

– १९१ –

– चित्तलाई जागृत गरेमा सत्य प्रकट हुन्छ ।
– दया अरूको विषयमा राम्रो सोचेर चासो देखाएमा निस्कन्छ ।
– असल स्वभाव प्रज्ञाबाट उत्पन्न हुन्छ ।
– सौन्दर्य करूणाबाट निस्कन्छ ।

– १९२ –

– प्रकृति भव्य तेजस्वी हुन्छ किनभने यही जीवन हो ।
– कारणहरू र परिस्थितिहरूले गर्दा जीवन मूल्यवान हुन्छ ।
– प्रकृति मार्ग हो । कारणहरू तथा परिस्थितिहरूका मार्ग जीवन हो ।
– जीवन शक्ति हो, जीवनको ज्योतिलाई एकबाट अर्कोमा हस्तान्तरण गर्नु शक्ति हो ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# बुद्धशिक्षाय् प्रथाया भेद मदु

✍ सुनिता मानन्धर

मिसा हिंसाया घटनाया खँ न्हियान्हिथं पिदनी। थन घरेलु हिंसा दँय्दसं अप्वयाच्वंगु तथ्यांक नं क्यँ। बलात्कार, यौन हिंसा, बहुविवाह, मिसा मीगु, बेपत्ता यायेगु, आत्महत्या आदियात समाजं जघन्य अपराध कथं नं कयातःगु दु। तर अथे खःसां थुकियात निर्मूल याये मफुनि। अझ धाये निर्मूल यायेगु स्वयां झन् झन् अप्वयाच्वंगु दु। घरेलु हिंसाय् मिजं स्वया मिसा हे अप्वः पिडित जुयाच्वंगु दु। झीगु समाजय् मिसा व मिजंया दथुइ विभेद जुयाच्वंगु हुनियानाः नं थुकथंया लकस ब्वलंगु खः।

झीगु देशय् कालान्तार न्ह्योः निसें थीथी कथंया प्रथा न्ह्यानाच्वंगु दु। गथेकि दाइजो (क्वसः बीगु) प्रथा, देउकी प्रथा, झुमा प्रथा, घुम्तो प्रथा, सति प्रथा, बहुविवाह, छुवाछुट आदि नं समाजय् दुथ्याः गु कुप्रथा हे खः। थुगु सकतां कथंया प्रथां मिसाया जीवन हे संकटय् लाकाः बिउगु दु। तर बुद्ध धर्मय् थुकथंया परम्परा व प्रथाया थाय् मदु।

अथे ला नेपाः या अन्तरिम संविधानय् नं बालविवाह व बहुविवाहयात वञ्चित यानातःगु दु। नेपाःया कानून कथं मांबौया मन्जुरी जूसा मिसा व मिजं भिच्यादँ दुम्ह जुइमाः थम्हं ब्याहाः यायेगु खःसा नीदँ दयेमाः। तर नेपाःया पहाडी जिल्ला अछाम, डोटी, बाजुरा, दार्चुला, डडेल्डुरा आीद जिल्लाय् मचाबलय् ब्याहाः यानाबीगु चलन दु। थन ब्राह्मण, क्षेत्री, दलित सकसितं उकथं हे ब्याहाः याना बी। तःधी जुलकि थः यःयःपिं नाप बिसिउँ वनी धयागु विचारं यानाः उमिसं नच्चापिं मस्तय्गु दथुइ ब्याहाः याकाबी।

सुदुरपश्चिमाञ्चलय् ८० प्रतिशतं थुकथं बालविवाह यायेगु चलन दु। नच्चागु वैशय् ब्याहाः जुइवं उपिं याकनं मां जुइ। अले प्रसव व्यथा सह याये मफयाः थःगु ज्यानतकं वंकाच्वनी। अथे ला बुद्ध शिक्षाय् नं बालविवाह याये मजिउ धयागु खँ न्ह्थनातःगु दु। बुद्धकालय् देशना जूगु थीथी सुत्रमध्ये पराभव सूत्र छगू नं खः। थुगु सूत्रय् नं बालविवाह याइम्ह मनूया अवनति जुइगु खँ न्ह्यथनातःगु दु।

थन सुदुर पश्चिमाञ्चल नापं मेमेगु थासय् नं न्ह्यानाच्वंगु छाउपडी प्रथायात नं स्वये। मिसापिं थी मजिउ जुलकि थःगु छेँपाखे तापाक तयेगु प्रथा छाउपडी प्रथा खः। थुगु इलय् मिसातय्त छेँय् दुकाइ मखु। उमित तयेत बिस्कं गोठ दयेकाः तइ। प्यन्हुतक उगु हे गोठय् बोरा लानाः थ्यनी। थुगु इलय् अछुट कथं व्यवहार याइ। थुकथं मिस्त लय्लय्पतिकं मानसिक तनावय् च्वने माली। यदि थथे गोठय् मतल धाःसा द्यः तंचाइ धयागु अन्धविश्वास दु। उगु कथंया अन्धविश्वासया कारणं थःपिं तनावय् च्वनेत तकं तयार जुइ। अझ पुर्खां न्ह्याकावंगु परम्परा न्हंके मजिउ धाइपिं नं दु।

द्यः या नामय् थन मनुखं दुःख सियाच्वनी। थौंया विज्ञानया विचार धारां स्वयेगु खः सां थ्व पाय्छि मजूगु सः पिदने धुंकल। अय्नं थुकियात निर्मूल याये मफुनि। बुद्ध शिक्षाय् थुकथंया बन्देज मदु। थ्व ला छगू कथंया विधिया विधान खः। उकिं बुद्ध शासनय् थी जिउ वा मजिउया भेदभाव मदु। सकसितं छगू हे कथं समान व्यवहार याइ।

आः थन देउकी प्रथायात छकः नं उलाः स्वये। मांबौपिंसं थः म्ह्याय्मचायात द्यःया नामय् छाये यंकीगु प्रथा हे देउकी प्रथा खः। मचा जुत्तले द्यः याथाय् हे च्वनी, तः धिकः जुलकि व मचायात गांया तःमिपिंस न्यानाः यंकी। उमिसं थःगु जीवन काःछि ब्याहाः याये मजिउ। बौद्ध ग्रन्थय् मनू न्याये-मी याये मजिउगु खँ न्ह्यथनातःगु दु। बुद्ध धर्म कथं ब्रह्मचर्य पालना यायेगु बांलाः। तर अथे खःसां ब्याहाःयानाः गृहस्थी जुइ धयागु खँ गनं न्ह्यथनातःगु मदु। बरू गृही विनय दुने गृहस्थी जीवन हनेगु इलय् थः पिंसं यायेमाःगु कर्तव्ययात बांलाक उलाबिउगु दु। विहारय् वनाः ब्याहाः याः वनीगु इलय् ला झन् बचं बीगु चलन दु। थःगु इलय् ब्याहाः याःम्ह मिजंपाखें थः जहानया सम्मान यायेगु, वयागु अपमान मयायेगु, व्यभिचार मयायेगु, थःगु दक्षकथं वयात सम्पत्ति व वसः बीगु बचं तक बी।

नेपाः या बाँके, बर्दिया, कैलाली, कञ्चनपुर दाङ आदि जिल्लाय् कमैया प्रथा नं दु। अन थः बाज्यां काःगु



Downloaded from http://www.dhamma.digital

त्यासा पुले मफयाः जीवनकाःछि साहुया छैंय् च्यः जुयाच्वनी । गुलि गुलिंसित साहुतय्सं न्यानाः नं च्यः - भ्वातिं तया तइ । खयत् ला छुं दँ न्ह्यः थुगु प्रथाया विरोध जूगु खः । उब्ले द्वलंद्वः कमैयातय्त मुक्त नं याःगु खः । अथे खःसां थुकिं मूर्त रूप काये फुगु धाःसा मदुनि । थ्व सकतां जूगु धयागु इलय् हे बुद्ध शिक्षायात थुइके मफुगु कारणं हे खः ।

नेपाः या तराई क्षेत्रय् हा कयाच्वंगु दाइजो प्रथा खः । व्याहाया इलय् मिसां मिजंयाथाय् धाक्व क्वसः यंकी । यदि थथे याये मफुत धाःसा मिसायात अतिकं कष्ट बी । म्वानाः हे च्वंसां उपिं तनावय् जीवन हनाच्वने माली । थुगु प्रथायात लोभी मनस्थिति कथं नं कायेफु । थन थः पिसं कुतः हे मयासे मेपिं पाखेँ याउँक सम्पत्ति मुनेगु याइ । असन्तुष्ट चित्तं यानाः हाकनं हाकनं धन सम्पत्ति माग यानाच्वनी । तर बुद्ध शिक्षां सकसितं सन्तुष्ट जुइगु ज्ञान बी । थुकिं तृष्णा, लोभ व मोहयात त्याग यायेगु भावना ब्वलंकी । तृष्णां मनूयात जन्म मरणया पंजलय् तया तइगु खँ धम्मपदय् थुकथं न्ह्यथनातःगु दु– तृष्णारूपी खुसि मनूतय्त तसकं यइ । सुखया इच्छा याइपिं मनूत तृष्णाया खुसि प्रवाहय् लानाः बारम्बार जन्म मरणया पंजलय् लाइ ।

अथे हे नेपालय् न्ह्यानाच्वंगु मेगु विभेद जातीय विभेद व छुवाछुट प्रथा खः । वि.सं. २०६८ या व्यवस्थापिका संसदं जातीय भेदभाव व छुवाछुट (कसुर, सजाय) विधेयक २०६८ नं पारित याये धुंकुगु दु । तर अथे खःसां थौंतले थुकिं प्रभावित जूपिं मतंनि । थुकिं मिजंत स्वयां मिसातय्त हे आपाः प्रभाव लानाच्वंगु दु । गनं हिति, बुंगा, तुंथिइ लः काः वनीपिं मिसात जुइ । अन उमित थीके बी मखु । समाजं जात कथं नालातःम्ह मिसा मेगु जातिनाप ब्याहाः जूसा वं थिउगु नइमखु । वयात छैंय् तकं दुकाइ मखु । थन ब्राह्मणंनिसें शुद्रतकं सकलें समान । छगू हे थासय् च्वनाः नयेगु, त्वनेगु याइ । अथे हे मधुरसुत्रय् मधुरसुत्तय् मधुरया अधिपति अवन्तिपुत्र जुजुं थम्हं शुद्र श्रवणयात नं क्षत्रीय जातिया श्रवणनाप छगू हे दर्जाय् तयाः दान याः वनागु खँ आयुष्मान महाकात्यायनयात कंगु न्ह्यथनातःगु दु । थुकथं हे मातङ्ग जातक तथागत बुद्धया जन्म स्वयां न्ह्यःया जातक खः । थुकी चण्डाल जातिया श्रवण दुगु खँ न्ह्थनातःगु दु ।

थुकथं झीगु देशय् न्ह्यानाच्वंगु यक्व कथंया प्रथा दु । थ्व दक्व प्रथा धर्मया नामय् न्ह्यानाच्वंगु खः । थुकीयात हनाः मयंकल धाःसा द्यः तंचाइ वा द्यवं सराः बी धकाः ग्यानाः न्ह्याकाच्वंगु प्रथा खः । ई, काल व परिस्थिति कथं गुलिं गुलिं प्रथा न्ह्नावने धुंकूगु दु । गुलिं गुलिं मदयेका छ्वयेमाः धकाः विरोधया सः नं थ्वयाच्वंगु दु । थुकथंया प्रथा न्ह्याके स्वयां न्ह्यः थ्व धाथेंया धर्म खः कि मखु धकाः थुइकेगु कुतः नि याये फयेकेमाः । अले धर्म धयागु छु खः धकाः बोध यायेमाः । थुकिं थौ हाकनं छकः तथागत बुद्धं देशना यानाः बिज्याःगु थुगु गाथायात लुमंकेबहः जू । बुद्धं देशना यानाः बिज्याःगु थुगु गाथायात लुमंके बहः जूं ।

**यो चे वस्ससतं जीवे-अपस्सं धम्ममुत्तमं**
**एका हं जीवितं सेय्यो-पस्सतो धम्ममुत्तमं**

उत्तम धर्म मथुइकुसे सच्छिदँ म्वायेगु स्वयां उत्तम धर्म थुइकाः छन्हु जन्म म्वायेगु बेस ।

*( साभार- सन्ध्या टाइम्स्' विसं २०७१ पौष २ गते, बुध बाः )*

❖

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| *२०७१ मंसीर – पौष* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| मंसीर १३ गते, शनिवार, अष्टमी | सुवण्णवती | वीर्यवती |
| मंसीर २० गते, शनिवार, योमरी पुन्हि | क्षान्तिवती | धम्मवती |
| मंसीर २८ गते, आइतवार, अष्टमती | शुभवती | भिक्षु शोभित |
| पौष १ गते, मंगलवार संक्रान्ति | अमता | पञ्ञावती |
| पौष ७ गते, सोमवार | सुवण्णवती | केशावती |

### बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ धर्मचक्र प्रवर्तनको बेला उपस्थित ५ गृहत्यागी-हरूलाई भिक्षु बनिसकेपछि **पंच भद्रवर्गीय भिक्षु** भनियो । पंच भद्रवर्गीय भिक्षु भन्नाले ५ भिक्षुहरू बुझिन्छन् - कौण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजीत । *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# भुखाचं मथिइगु सहर कोबे

✍ **एकराज पाठक**, रासस

जापानया कोबे सहरय् नीदँ न्ह्यः वःगु भुखाचं छैं-बुँ मदयेका च्वनेमाः म्ह कोबे निवासी किमोउरा तोसिफुमी थौंकन्हय् भुखाय् सम्बन्धी संग्रहालयया स्वयंसेवक जुयाच्वंगु दु। उब्ले वःगु विपत्ति बारे न्यने-कने याः वइपिं मनूतय्त प्रत्यक्षदर्शी व पीडित कथं जानकारी बिइगु हे वय्‌कःया न्हियान्हिथंया ज्या खः।

'भिगू मिनेट दुने हे जिमिगु सहरयात धू यानाबिल। उब्लेया ईयात लुमनकि जि आः नं भस्के जू' तोसीफुमी धाल, 'व भिगू सेकेन्डं जिमिगु सहरया खुद्धः मनूतय् ज्यान जक काःगु मखु विकासया संरचना फुक्क धू यानाबिल। जि अज्याःगु नुगः क्वतुनीगु घटनाया प्रत्यक्षदर्शी खः।'

उब्ले जूगु क्षतिया वास्तविकता दुथ्याकातःगु भिडियो स्वयेत संग्रहालय थ्यनीपिं पाहाँपिंत वय्‌कलं सुरूं हे धयादी, 'स्वस्वं स्वयेमफत धाः सा वा ग्यानावः सा इमर्जेन्सी लुखां पिहाँ भासँ।' भिंनिगू मिनेट जक दुगु व प्रकृतिया क्रूर दृश्य स्वयेत धाथें क्वातुगु नुगः हे माः। सहर गुकथं धू जुल व म्वाःपिंस गुलि दुःख फयेमाल धयागु वास्तविकता उगु भिडियोय् दु।

जापानया कोबे सहर केन्द्रविन्दू जुया ब्वःगु उगु भुखाय् मुक्कं १० सेकेण्ड जक वःगु खः तर उकिं थ्यंमथ्यं पूवंक सहरय् मि च्याकाबिउगु खँ प्रत्यक्षदर्शीतय्‌सं कनी। अप्वः धयाथें संरचना क्वदल, स्थानीयवासीतय् फुक्क धयाथें छैं दुनावन व गुलिखे मनूतसें मिं नयाः ज्यान बीमाल।

सन् १९९५ जनवरी १७ या सुथ न्हापनं ५:४६ बजे भुखाय् ब्वः बलय् अप्वः धयाथें मनूत बिसिउँ वने मफयाः छैं दुने हे ल्हानाःसीगु खः। भुखाय् ला ७.३ रेक्टर स्केलया वःगु खः, तर थ्व भुखाय् च्वय्-क्वय् व जवंखवं यानाः छक्वलं वःगुलिं संरचना जक स्यंगु मखुकि सहरया जमिन हे बायावंक भुखाचं संकूगु खः।

भुखाय् ब्वये धुंकाः उद्धार व पुनर्स्थापनाया ज्या तसकं हे थाकुगु खः। भुखाचय् लानाः १६ हजारम्ह मनूत बांमलाक घाःपाः जूगु खः। लखंलखः मनूत छैं मदयेका च्वनेमाल। लँ, मत, रेलमार्ग, त्वनेगु लः थेज्याःगु गुलिखे संरचना थ्यंमथ्यं ध्वस्त जुल। गुकिं यानाः विपत्ती लिपाया पुनःर्स्थापनाया ज्या तसकं जोखिमपूर्ण जुल।

तोसीफुमीं धयादी, 'खयुत ला उब्लेया विपत्ति सुनां नं लुमंके मंमदु। सकस्यां ल्वः मंकाछ्वये मास्ते वः। तर जि धाःसा थः हे छम्ह उकिया प्रत्यक्षदर्शी जूगुलिं वइगु पुस्तायात उब्लेया ग्यानापुगु सन्देश न्यँका च्वना, छाय् धाःसा वइगु इलय् अज्याःगु विपतपाखें बचे जुइत थःम्हं हे तयारी यायेफयेमा। वइगु पुस्तायात थुकथं तयार याये फत धाःसा उमिसं नं देय्‌या निंतिं छु यायेफइ।'

'उब्लेया भुखाचं कोबेवासी व जापान सरकारयात यक्व खँ स्यनाथकूगु दु। भिगू सेकेन्डं सारा सहर धू जुइधुंकाः वइगु इलय् विपद् व्यवस्थापन व वस्वया नं भुखाचं मथिइगु सहर गुकथं दयेकेगु धयागु बारे यक्व हे ज्या याये धुनागु दु' कोबेय् च्वंगु विपद् न्यूनिकरण व मानव उद्धार तथा पुनःर्स्थापना केन्द्रया निर्देशक मासाहिको मुरातां धयादी। निर्देशक मुरातां धयादी, 'सन् २००३ य् काबेय् स्थापना जूगु थ्व संस्थाय् आःतक यक्व हे विपद् न्यूनीकरण व व्यवस्थापन सम्बन्धी विज्ञत दु। उमिसं जापान व विश्वय् हे विपद् सम्बन्धी अनुसन्धान याइ व उकिया कारण सीका म्हो जक नोक्सान जुइगु उपाय लुइकी। जिमिसं विशेष यानाः कोबेय् जूगु अकल्पनीय विपद्‌पाखें हे यक्व सीकागु खः व उकिया पूर्व व विपत्ती लिपाया व्यवस्थापन कोबेय् लागू यानागु दु।'

जापानय् इलय्‌ब्यलय् भुखाय् ब्वया हे च्वनी। ७ दशमलब ३ धयागु जापानया निंतिं उलिं शक्तिशाली भुखाय् मखु। अथे खःसां उब्ले उलिमछि मानवीय क्षति व आधारभूत संरचना छु जुयाः ध्वस्त जुल धयागु बारे ताःहाकःगु अनुसन्धान लिपा आः कोबे सहरयातः थ्यंमथ्यं पूवंक हे भुखाचं मथिइगु सहर दयेकेधुंकूगु दु।

कोबे सहरय् थौंकन्हय् सुनां नं छैं वा कम्प्लेक्स दयेकेमाः सा म्होतिं नं ७ प्रतिशत जग्गा त्वःतेमाः। थथे त्वःतूगु जग्गाय् सरकारं हे भुखाचं मथिइगु संरचना दयेकाबी। तसकं चिब्यागु लँ व खाली जमिन म्हो जूगुलिं



Downloaded from http://www.dhamma.digital

उब्ले यक्व क्षति जूगु सरकारया निष्कर्ष दु । उकिं अथे त्व:तूगु जमिनय् सरकारं हे भुखाय् ब्वइबलय् आश्रय कायेगु थाय् दयेकाबी ।

नगरपालिका सरकार अन्तर्गतया कोबे इन्स्टिच्यूट अफ अर्बान रिसर्चया प्रबन्ध निर्देशक योइची होन्जों कनादिल, 'सुरूइ ला जग्गाधनीं अथे जग्गा त्व:ते माने मजू । लिपा सरकारं खाली जग्गाया महत्व व अन दये कीगु संरचना बारे स्थानीय जनतालिसे परामर्श याना: दयेकेगु सुरू यायेवं थ: पिनिगु जग्गा नं छ्य:सां ज्यू धका: जग्गाधनीत हे बयेगु सुरू जुल ।

'उब्ले भुखाय् ब्वयेधुंका: उद्धार ज्या तसकं थाकुल । ल: दुगु तुं फुक्कं दुना वनेधुंकल, पाइप फुक्कं तज्यातं । बिजुली लाइनय् मि हे च्यानाच्वनसा क्षति व उद्धारया निंति सूचं मुंकेतकं थाकुल । ग्यासया पाइपलाइन तज्या:गुलिं झन तच्वयेक मि च्यात । उकिं आ: थ ज्या:गु फुक्क संरचना भुखाय् प्रतिरोधात्मक दयेके धुन' होन्जों कनादिल ।

वय्कलं कनादी, 'कोबे सहरय् ल:या तुं फुक्क भुखाचं मथिइगु जुइधुंकल, अथेहे ल: इनेगु पाइपलायनय् नं भुखाचं थी फइमखु । बिजुलीया आपूर्ति व्यवस्था बल्लाकेधुंकूगु दु । ग्यासया पाइपलाइन नं भुखाचं मथिइगु कथं दयेकेधुंकूगु दु । अथेहे आवश्यकबलय् ग्वाहालिया निंति झिद्व:म्ह दुज: दुगु सामुदायिक स्वयमसेवी संस्था दयेकेधुंकूगु दु ।'

छुं नं देशय् प्राकृतिक प्रकोपया पूर्वतयारी व व्यवस्थापनया ज्या सरकार याकचां जक सम्भव मजुइगु खँ होन्जों धयादी । उकिया निंतिं समुदाय हे परिचालन जुइमा: समाजय् थ्व सम्बन्धी चेतना व होसियारी दकलय् महत्वपूर्ण जुइ । विशेष याना: भुखाय् ब्वयेधुंका: या इलय् उद्धारया निंति त्वनेगु ल: या महत्व तसकं दुगु खँ वय् कलं कनादिल । म्वा:पिं मनूतय् त्वनेगु निंतिं ल:या स्रोत मस्यंक संरचना दयेकेमा:गु खँ वय्कलं कनादी । अथेहे तब्यागु लँ उद्धारया निंतिं ग्वाहालि जुइ। विद्यालय तह निसें हे पाठ्यक्रमय् भुखाय् व मेमेगु प्राकृतिक विपद् बारे विषयत दुथ्याका: भविष्यया पुस्तायात थप सजग दयेके मा:गु सुझाव वय्क:या दु । ❖

*(साभार- 'सन्ध्या टाइम्स्' ने.सं. ११३५ पोहेलाथ्व ४ वि.सं. २०७१ पुष १० विहिवा:)*

# थ:त थम्हं भिंका च्वने

✍ **पुष्परत्न ताम्राकार** 'स्वीटहर्ट'
*न्य:त, कायग:ननि*

बुद्ध धर्मय् च्वना: थन
भिंगु शिक्षा फयाच्वने
पंचशील, अष्टशील पालेयाना:
चित्त थ:गु भिंकाच्वने ।

प्राणी हिंसा मयासे थन
जगत उद्धार यानाच्वने
सुरापान मयासे थन
थ:त थम्हं हे भिंकाच्वने ।

थीत्य: थीमत्य:या थन
व्यवहारयात हाकुतिनाच्वने
थजा: क्वजा: मधासे थन
सकसितं उतिं हे खनाच्वने ।

अज्ञानीपिं मुना: थन
ज्ञानया रश्मिं खयेकाच्वने
बुद्धया उपदेश न्यना: थन
ख:गु लँपुइ वनाच्वने ।

परोपकारया ज्याय् थन
न्हयाबलें नं न्हयचिलाच्वने
मैत्रीया भाव पिब्वया: थन
करूणाया मिखाकुलिं स्वयाच्वने ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ **सुजाता** - सिद्धार्थलाई क्षीर दान दिने महिला; बुद्धको प्रथम उपासिका मध्ये एक । पति : यश कुमारको पिता । छोरो : यश कुमार । बासिन्दा : सेनानी गाउँ, उरूवेला प्रदेश ।

★ सर्वप्रथम भिक्षु हुने गृहस्थ थिए - **यश कुमार** ।

★ यश कुमार भिक्षु बनिसकेपछि उसका थुप्रै साथीहरू पनि भिक्षु बनेका थिए । यसरी बुद्ध बाहेक ६० भिक्षुहरू, जुनकि सबै अर्हत् थिए, भएपछि बुद्धले उनीहरूलाई सर्वप्रथम बुद्ध-धर्म प्रचार गर्न पठाएका थिए । (*साभार- बौद्ध दर्पण*)



Downloaded from http://www.dhamma.digital

# अर्ती

✍ रेजिना पाण्डे

रामपुर नगरमा तुलसीचन्द्र नाम गरेको मानिस बस्थे । उनलाई त्यस गाउँमा सबैले हजुरबा भनेर चिन्थे । गाउँका पाका मान्छे भएकाले सबैले उनलाई सम्मान गर्थे । गाउँलेहरू आफ्ना समस्या र अप्ठ्यारा समाधान गर्न परे तुलसीचन्द्रकहाँ पुगिहाल्थे । असल र ज्ञानी भएकाले सबैलाई उनी ठीक सल्लाह र सुझाउ दिन्थे । उनको सुझाउलाई गाउँले नकार्न सक्दैनथे । उनी गाउँका साथै घरको समस्यासमेत सहजै समाधान गर्थे ।

तुलसीचन्द्रका रामबन्धु नाम गरेका नाति थिए । उनलाई तुलसीचन्द्रले धेरै माया गरेर हुर्काएका थिए । त्यसैले रामबन्धु बाबु आमा र दिदी भन्दा हजुरबाका नजिक र प्यारा थिए । रामबन्धु परिवार कसैलाई टेर्दैन थिए । उनी अल्छी र अटेरी थिए । पढ्न गाह्रो मान्थे । आमा र दिदीलाई सताउँथे । तर, दिदी रामबन्धुलाई साह्रै माया गर्थिन् । भाइको सबै काम गरिदिन्थिन् ।

रामबन्धुको व्यवहार र बानी भने दिनदिनै नराम्रो हुँदै गयो । घरबाट दिनदिनै पैसा चोर्ने, पढ्न छोडेर साथीहरूसँग डुल्दै हिँड्ने बानीले बा आमा र हजुरबा समेत दिक्क भएका थिए । तुलसीचन्द्र दुःखले जोडेको धन सकिँदै गएकोमा दुःखी त थिए नै, त्यो भन्दा धेरै चिन्तित थिए, नातिको बानी बिग्रँदै गएकोमा ।

धेरै सोच्दा तुलसीचन्द्रले एउटा जुक्ति निकाले । साँझको खाना खाएपछि हजुरबाले नातिलाई बोलाएर भने, 'हाम्रो गाउँको नीलकमल खोलामा धेरै सुन छ, धेरै मानिस सुन खोज्न त्यहाँ जान्छन्, सुन बेचेर पैसा कमाउँछन्, घरमा लगेर राख्छन्, यो कुरा गाउँलेलाई नभन्नू, आफूले मात्रै सुन खोज्नू ।' हजुरबाको कुरा सुनेर उनी मक्ख परे । सुन भन्नेबित्तिकै रामबन्धु चनाखो भए । त्यहाँबाट ल्याएको सुन हजुरबालाई दिनसमेत उनी तयार भए । भोलिपल्ट बिहानैदेखि सुन खोज्न जाने तयारी गर्दै उनी सुते ।

भोलिपल्ट बिहानै जोशजाँगरसहित रामबन्धु बालुवा चाल्ने जाली र बोरा लिएर नीलकमल खोलातिर लागे । खोलाबाट बालुवा निकाल्दै चालेर बोरामा हाले । साँझ परे पछि जम्मा गरेको बालुवा खोलाको एक कुनामा थुपारेर घर फर्किए । मेहनत गरेर घर आएका नाति देखेर हजुरबा मक्ख परे । उनले भने, 'नाति सुन फेला पर्‍यो ?' उनले निराश हुँदै भने, 'छैन ।' हजुरबा मुसुमुसु हाँसे । नातिलाई नआत्तिन र निराश नहुन सल्लाह दिँदै भने, 'नआत्त, भोलि फेला पर्ला, आज सुत ।'

खोलामा जाने, बालुवा निकाल्ने, चाल्ने र थुप्रो लगाएर घर फर्कने क्रम महिनौंसम्म चल्यो । तर, उनले हजुरबाले भनेजस्तो सुन भेट्न सकेनन् । धेरै दिनसम्म सुन भेट्न नसकेपछि उनी घर फर्किएर हजुरबासँग झगडा गर्न थाले । नातिको मेहनत र लगाव देखेर हजुरबा मक्ख थिए । सम्झाउँदै भने, 'तिमी थाकेका छौ, जाऊ खाना खाएर सुत, केही दिनमा त सुन भेटिएला नि ।'

हजुरबाले थपिदिएको उत्साहले उनी झन् जागरूक भएर काम गर्न थाले । खोलाबाट बालुवा झिकिरहेका रामबन्धुलाई गाउँकै एक महाजनले भने, 'बाबु तिमी धेरै दिनदेखि किन बालुवा झिकिरहेका छौ, किन यस्तो गरेको ?' रामबन्धुले जवाफ दिए, 'मेरो हजुरबाले भन्नुभएको, यहाँको बालुवामा सुन भेटिन्छ रे ।' रामबन्धुको जवाफ सुनेर महाजन मुसुक्क हाँसे र भने,'यो बालुवामा सुन छैन, अरू बालुवा झिकेर सुन खोज, त्यसमा सुन नभएकाले यो बालुवा मलाई बेच, म तिमीलाई पैसा दिन्छु ।'

महाजनको कुरा सुनेर रामबन्धु दंग परे । सुन नपाउँदा निराश भएको उनको मन पैसा पाएपछि अलि हल्का भयो । थकित र फुस्रो अनुहार लिएर हजुरबा अघिल्तिर उभिँदै उनले दिनभरको बेलिविस्तार लगाए । नातिको कुरा सुनेर तुलसीचन्द्र निकै खुसी भए । नातिको काँधमा उनले धाप मारे । हजुरबा खुसी भएको देखेर उनी रिसाए, 'सुन नपाएर दुःख लागेको बेला तपाईं पैसा पाउँदा खुसी हुनुहुन्छ ।'

नातिलाई सम्झाउँदै तुलसीचन्द्रले भने, 'तिमीले ल्याएको पैसा नै सुन हो, बालुवामा सुन फल्दैन, सुन त मेहनतमा फल्छ, मेहनत गरेर बालुवा झिक्यौ, त्यहाँ फल्यो सुन, होइन र ? त्यसैले मेहनत गर्न अल्छी गर्नु हुँदैन ।'

हजुरबाले मेहनतको महत्त्व बुझाउन आफूलाई खोलाको बालुवामा सुन खोज्न लगाएको रामबन्धुले थाहा पाए । दिदी, आमा, बालाई दुःख दिएको स्कुलमा राम्रो नपढे को घटना एकपछि अर्को गर्दै सम्झिन थाले रामबन्धुले ।

'त्यतिमात्रै होइन, मेहनतको अर्थ पनि मैले तिमीलाई बुझाउनु थियो', तुलसीचन्द्रले भने । आफूले गरेको गल्तीमा पछुतो मान्दै हजुरबाको अर्ती कहिल्यै नबिर्सने प्रण गर्दै रामबन्धु आफ्नो कोठातिर लागे ।

*(साभार- 'अन्नपूर्णपोष्ट' २०७० पुस २७, शनिवार)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार



## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको गतिविधि

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको विभिन्न गतिविधिहरू सम्पन्न भएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार ने.सं. ११३४ ञलाथ्व अष्टमी तद्नुसार २०७१ भाद्र १० गते मैत्री बोधिसत्त्व विहार जमलमा श्रद्धेय केशावती गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गरी धर्मदेशना गर्नु भएको थियो । यसदिन धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरेको थियो भने यस समूहका सदस्य हरीमान रञ्जितले जलपान प्रायोजन गर्नुका साथै भजन समूहलाई रू. ३०००।- रकम चन्दा प्रदा गर्नुभएको थियो ।

ने.सं. ११३४ कौलागा: त्रयोदशी तद्नुसार २०७१ कार्तिक ४ गते ज्ञानमान वज्राचार्यको पुण्यतिथीको उपलक्ष्यमा श्रीमती पूर्णलक्ष्मी वज्राचार्यको निमन्त्रणामा उहाँको घरमा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनले भजन प्रस्तुत गरेको थियो ।

यसदिन पूज्य धम्मवती गुरूमांले धर्मदेशना गर्नुभएको थियो । यसदिन पूर्णलक्ष्मीले ज्ञानमाला भजन समूहको सहयोगार्थ रू. ५०००/– रकम चन्दा प्रदान गर्नुभएको थियो भने उहाँलाई भजनको तर्फबाट शान्ति चैत्य (जप गर्ने चैत्य) प्रदान गरिएको थियो ।

ने.सं. ११३५ कछलाथ्व मुखअष्टमी तद्नुसार २०७१ कार्तिक १४ गते मैत्री बोधिसत्त्व महाविहार जमलमा श्रद्धेय कुसुम गुरूमांले बुद्धपूजा कार्यक्रम, संचालन गर्नुभएको थियो । भने उहाँले नै धर्मदेशना गर्नुभएको थियो। धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा दाता केशरी, पद्मज्योती, रूपज्योती कंसाकार प्रमुख सपरिवारको तर्फबाट जलपान प्रायोजन गर्नुभएको थियो ।

ने.सं. ११३४ कछलागा: अष्टमी तद्नुसार २०७१ कार्तिक २९ गतेका दिन श्रद्धेय कमला गुरूमांको ६७ औं वर्षिय जन्मोत्त्सवको उपक्ष्यमा उहाँको निमन्त्रणामा धर्मकीर्ति ज्ञानमाला भजनले पद्मकीर्ति विहारमा भजन प्रस्तुत गरेको थियो ।

ने.सं. ११३५ थिलाथ्व वखुमद: अष्टमी तद्नुसार २०७१ मंसीर १३ का दिन मैत्री बोधिसत्त्व महाविहार जमलमा केशावती गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गनुभई धर्मदेशना गर्नुभएको थियो । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गर्नुभएको उक्त दिन सुवर्ण केशरी चित्रकारले जलपान प्रायोजन गर्नुभई भजन समूहलाई रू. ६,३००/– रकम चन्दा प्रदान गर्नुभएको थियो ।

ने.सं. ११३५ थिलागा: पञ्चमी तद्नुसार २०७१ मंसीर २५ गतेका दिन धर्मकीर्ति ज्ञानमाला भजनमा सदस्य स्व. जनकदेवी रञ्जितको वार्षिक पुण्यतिथीको उपलक्ष्यमा धर्मकीर्ति ज्ञानमाला भजनका सदस्य हरीमान रञ्जितको निमन्त्रणामा उहाँकै निवासस्थान छाउनीमा भजन प्रस्तुत गरिएको थियो । दाता रञ्जितले भजन समूहलाई रू. ५०००।- चन्दा प्रदान गर्नुभएको थियो । भजन समूहबाट दाता रञ्जितलाई भजनमाला ३ र ४ भाग सि.डि प्रदान गरिएको थियो ।

### बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ बिम्बिसारले आफ्नो बेजातको छोरो अभय राजकुमारलाई ७ दिनसम्म मगधको राज्य चलाउन दिएको थियो। *(साभार- बौद्ध दर्पण)*

### धर्मकीर्ति स्वास्थ्य कमिटीको सूचना

धर्मकीर्ति स्वास्थ्य कमिटी, धर्मकीर्ति विहारको आयोजनामा यस विहारमा महिनाको हरेक शनिबार तल उल्लेखित दिनहरूमा निरन्तर स्वास्थ्य परिक्षण सेवा उपलब्ध भइरहेको जानकारी गर्दछौं ।

| दिन | स्वास्थ्य परिक्षक (डाक्टर) |
|---|---|
| महिनाको पहिलो शनिबार | डा. योगेन्द्र शाक्य |
| महिनाको दोश्रो शनिबार | डा. विजयलाल श्रेष्ठ |
| महिनाको तेश्रो शनिबार | – |
| महिनाको चौथो शनिबार | डा. रेखा स्थापित |

✿ यस कार्यक्रममा रक्तचाप जाँच सम्बन्धी सेवा पनि उपलब्ध भइरहेको छ ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध तीर्थयात्रा सम्पन्न



*तीर्थयात्रा समूह, बौद्ध गयामा*

धर्मकीर्ति विहार स्वर्ण महोत्सव एवं पूज्य धम्मवती गुरूमांको ८१ औं जन्मोत्सवको उपलक्ष्यमा नेपाल र भारतमा बौद्ध तीर्थयात्रा सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

धर्मकीर्ति विहारको आयोजनामा र केशावती गुरूमांको नेतृत्त्वमा कार्तिक २० गते देखि मंसीर ८ गते सम्म सञ्चालित उक्त यात्रामा ३० जना यात्रीहरू सहभागी भएका थिए । यस यात्रामा भ्रमण गरिएका स्थानहरू यसरी रहेका थिए–

– काठमाडौं – लुम्बिनी – बुद्धगया – सारनाथ – कुशीनगर – श्रावस्ती – वैशाली – रामग्राम – संकाश्य –राजगृह – नालन्दा – दिल्ली – आगरा – (ताजमहल) – लोट्स् कुटुमनिनार – इन्दिया गेट – अक्षय धाम – इन्दिरा गान्धि म्यूजियम – वृन्दावन – गोकुल – मथुरा – पञ्जाब – सुवर्ण मन्दिर र कुरूक्षेत्र आदि ।

भ्रमणमा सहभागी सबै मिली यात्रा अवधिभर शील प्रार्थना, बुद्धपूजा, परित्राण, यात्रा स्थलको परिचय, धर्मदेशना र पुण्यानुमोदन आदि कार्यक्रम संचाल गरिएको थियो ।

यात्रामा सहभागी सबै यात्रीहरू ५ समूहमा विभाजन भई समय समयमा भोजन दान गराइएको थियो ।

यस बौद्ध तीर्थयात्रा समूहले धर्मकीर्ति विहारको प्रमुख पूज्य धम्मवती गुरूमांको स्वास्थ्य कोषको लागि रू. ४५०००।- चन्दा प्रदा गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ज्ञानमाला भजन

## नाफा–नोक्सान हिसाव

**वि.सं. २०७० साल देखि २०७१ आषाढ मसान्त सम्मको**

| खर्चहरू | रकम | आम्दानीहरू | रकम |
|---|---|---|---|
| सि.डि. निर्माण | ८,७५०/- | भजन बाट | ४४,१६०/- |
| संवेदना खर्च | ९,१७०/- | सि.डि विक्री | ५२,३७५/- |
| यातायात | ९,९३१/- | चन्दा प्राप्त | ४१,०००/- |
| चियापान | ४,११६/- | वैक व्याज | ६२,६०७/९ |
| मर्मत संभार | ३,७००/- | सारि विक्री | ६,०५०/- |
| उपहार खरिद | ६,८००/- | सदस्यता शुल्क | ४,०००/- |
| पारिश्रमिक | ५,५००/- | स्पिकर विक्री | १५,६००/- |
| व्याज कर | ४०९/५९ | | |
| माईक, तार खरिद | ४,८००/- | | |
| बचत | १७२,६१६/३२ | | |
| | २२५,७९२/९१ | | २२५,७९२/९१ |

*अध्यक्ष*
**धम्मवती गुरूमां**

*सचिव*
**प्रेमलक्ष्मी तुलाधर**

*कोषाध्यक्ष*
**श्याममान वज्राचार्य**



# बुद्धधर्म एक नैतिक मार्ग

✍ **विद्याकुमारी वज्राचार्य**

दुःख र कष्ट हटाउने हो मार्ग ।
राजमार्ग अष्टाङ्गिक हो जीवनमार्ग ॥
चतुआर्यसत्य हो जीउने ज्ञानमार्ग ।
एकै शील हो बुद्धको नैतिक मार्ग ॥

जनकल्याण र जनहित हो एक उद्देश्य ।
अहिंसा परमो धर्म विश्वशान्ति हो एक उद्देश्य ॥
इमान्दार निस्वार्थ र जिम्मेवार हो एक उद्देश्य ।
शान्त, सुशील र सहयोग हो एक उद्देश्य ॥

मनोविज्ञान द्रष्टा बुद्ध हो एक धर्म ।
सहानुभूति र सद्भावना हो एक धर्म ॥
समता र सहयोग हो मानवता एक धर्म ।
सहिष्णुता र धैर्य हो बाँच्ने एक धर्म ॥

प्राणीमात्रको प्रेम हो एक ज्ञान ।
जीवनमा बाँच्ने कला हो एक ज्ञान ॥
मैत्रीय भावना सबमा हो एक ज्ञान ।
उपकार र परोपकार सबमा हो एक ज्ञान ॥

दश पारमिता र प्रतीत्यसमुत्पाद हो एक विज्ञान ।
अनित्य, अनात्म र दुःख हो एक विज्ञान ॥
पञ्च उपादानको नियन्त्रण हो एक विज्ञान ।
भवचक्र दुःखकष्टमा झेलिरहेको हो एक विज्ञान ॥



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ज्ञानमाला भजन

## वासलात

वि.सं. २०७० साल आषाढ देखि २०७१ श्रावण मसान्त सम्मको

| दायित्व | रकम | सम्पत्ति | रकम |
|---|---|---|---|
| गत वर्षको संचित कोष | ४,२४,७५१/७० | **वज्र वहु उद्देशिय** | |
| यस वर्षको वचत | १,७२,६१६/३२ | १) मुद्दति | २,४०,०००/– |
| | | २) वचत | ७१९०/७५ |
| | | **शुभ गणपती** | |
| | | १) मुद्दति (FDI-0631) | ९०,५००/– |
| | | २) वचत (GSD–0403) | २६२६९/– |
| | | ३) वचत (FDI-0631) | २१२०/– |
| | | **एलाइट से.क्रे.** | |
| | | १) मुद्दति | २,००,०००/– |
| | | २) वचत | २९,९८३/– |
| | | **कुवेर मचेत्त** | |
| | | १) वचत | १,३०७/२० |
| | **५,९७,३६८/०२** | | **५९७,३६८/०२** |

| *अध्यक्ष* | *सचिव* | *कोषाध्यक्ष* |
|---|---|---|
| **धम्मवती गुरुमां** | **प्रेमलक्ष्मी तुलाधर** | **श्याममान वज्राचार्य** |

### बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ सर्वप्रथम त्रैवाचिक शरण जाने उपासिकाहरू थिए - यश कुमारकी आमा **सुजाता** र यश कुमारकी पत्नी ।

★ भिक्षुहरूलाई धर्म प्रचार गर्न पठाई बुद्ध स्वयं उरूवेला जानुभयो । त्यहाँ उरूवेला काश्यपको कुटीमा बुद्धले काल नागराजालाई वशमा ल्याएका थिए । उहाँबाट प्रभावित भई ५०० शिष्यहरूको गुरू **उरुवेल काश्यप**, ३०० शिष्यहरूको गुरू **नदी काश्यप** र २०० शिष्यहरूको गुरू **गया काश्यप** - यी तीनैजना जटाधारी दाजुभाइहरू बुद्धका अनुयायी बने ।

★ त्यसपछि बुद्ध राजगृह पुग्नुभयो । त्यहाँ राजा बिम्बिसारले भगवान् बुद्धलाई सर्वप्रथम विहार दान गरे, जसलाई बेलुबन (=बेणुबन) भनिन्छ ।

★ **बिम्बिसार** - मगधको सम्राट । पिता : भाति । आमा : बिम्बि । रानीहरू : कोशलदेवी र खेमा । अन्य पत्नीहरू : पद्मावती, आम्रपाली आदि वेश्याहरू । छोरो : अजातशत्रु । बेजात छोराहरू : अभय राजकुमार, विमल कौण्डन्य, शीलव, जयसेन, चन्द । छोरी (बेजातकी) : चुन्दी । *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

## धम्मपदको चित्तवर्ग

*२०७१ कार्तिक २२ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य । प्रस्तुती- राजभाइ तुलाधर*

भगवान बुद्धले मानिसको जीवनमा चित्त अर्थात् मनलाई नै प्रमुख प्रधान भन्नु भएको छ । किनभने चित्तबाट गरेको कर्मले नै राम्रो अथवा नराम्रो संस्कार बन्दछ। कुशल चित्तले गर्ने कायिक र वाचिक कर्म कुशल नै हुन्छ भने अकुशल चित्तले गर्ने अकुशल नै हुन्छ। चित्त यस्तो महत्वपूर्ण भए पनि यसलाई आफ्नो वशमा राख्न धेरै गाऱ्हो छ। त्यसैले भगवानले चित्तको संवन्धमा निम्न गाथाहरू भन्नु भएको छ ।

**फन्दनं चपलं चित्तं – दुरक्खं दुन्निवारयं ।**
**उजुं करोति मेघावी – उसुकारोव तेजनं ॥**

चित्त नदीको प्रवाह जस्तै निरन्तर चलायमान छ । उत्तेजित भइरहने, चंञ्चल, अस्थिर चित्तलाई रक्षा गर्नु, नियन्त्रणमा राख्नु धेरै गाऱ्हो छ। तर विद्वान, पुरुषार्थी व्यक्तिले कुनै वाणकारकले वाणलाई सोझो वनाए जस्तै आफ्नो चित्तलाई सरल सीधा बनाउँछ।

**वारिजोव थलेखित्तो – ओकमोकत उब्भतो ।**
**परिफन्दतिदं चित्तं – मारधेय्यं पहातवे ॥**

माछा संधै पानीमा रमाए जस्तै चित्त संधै राग, द्वेष, मोहमा रमाउँछ। पानीबाट झिकेर सुक्खा जमिनमा राख्ने वित्तिकै जसरी माछा छट्पटाउँछ त्यसरी नै राग द्वेष मोहबाट या भनौं मारको जालबाट निस्केर सुमार्गमा लाग्न खोजेको चित्त छट्पटाउँछ ।

**सुदुद्दसं सुनिपुणं – यत्थकाम निपातिनं ।**
**चित्तं रक्खेथ मेघावी – चित्तं गुत्तं सुखावहं ॥**

एकदम सुक्ष्म, देख्न नसकिने, जहाँ कहीं पनि जान सक्ने चित्तलाई विद्वतजनले आफ्नो वंशमा राख्छ । चित्तलाई वशमा राख्न सक्नु नै सुखको बाटो हो ।

**दुन्निग्गहस्स लहुनो – यत्थ कामनिपातिनो ।**
**चित्तस्स दमथो साधु – चित्तं दन्तं सुखावहं ॥**

नियन्त्रण गर्न अति गाऱ्हो, एकदम छिटो छिटो जताततै विचरण गर्ने स्वेच्छाचारी चित्तलाई आफुले भने जस्तो तालिम गर्न सक्नु राम्रो हो। चित्तलाई दमन गर्न सक्नु नै सुख प्राप्तीको आधार हो ।

भगवानको समयमा अनुपुब्ब नाम गरेको एकजना महाजनले गृहस्थमा वसेर नै धेरै पुण्य कार्यहरू गरीरहेका थिए । तर पछि दुःखबाट मुक्त हुन त भिक्षु नै हुनपर्छ भनेर त्यो महाजन भिक्षु बन्न गए । तर भिक्षुले पालन गर्नुपर्ने धेरै विनय शीलहरू पालन गर्नु पर्दा दुःखबाट मुक्ति पाउनुको सट्टा झन बढी दुःख भएको जस्तो लाग्यो उसलाई । उ फेरि गृहस्थमा नै फर्कन खोजे । भगवान्ले उसलाई अरू केही गर्नु पर्दैन । आफ्नो चित्तलाई मात्रै रक्षा गरे पुग्छ अर्थात् चित्तलाई वशमा राख, राग द्वेष मोहबाट बचाउ भन्नु भयो । चित्तलाई रक्षा गर्ने क्रममा अनुपुब्बले दुःखबाट मुक्ति पायो ।

## बौद्ध पुस्तक प्रदर्शनी

*२०७१ कार्तिक २८ गते, शुक्रवार ।*

*ललितपुर १९ वडा, इटीटोल ।*

युवक बौद्ध मण्डल नेपालको उपसमिति गोल्डेन क्लबको आयोजनामा तेश्रो वृहत बौद्ध, पुस्तक प्रदर्शनी एवं विक्री मेला सम्पन्न भएको समाचार छ ।

वरिष्ठ साहित्यकार श्री सत्यमोहन जोशीबाट उद्घाटन भएको उक्त कार्यक्रममा गोल्डेन क्लबका संयोजक हेरारत्न शाक्यले मेला आयोजना गर्नुको कारण बताउनु हुँदै भन्नुभयो । नेपालमा विविध भाषाका लिखित बौद्ध पुस्तकहरू वेच विखन गर्ने छुट्टै पसल नभएकोले स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरू पाठ्य पुस्तकहरू खोज्न भौंतारिनु परेकोले ती पुस्तकहरू एकै ठाउँमा संकलन गरी वर्षको एकपटक तीन दिन मात्र भएपनि मेलाको आयोजना गरिएको हो । यस कार्यक्रमले गर्दा प्रकाशकहरू समक्ष थन्किएका पुस्तकहरू पाठकवर्गले प्राप्त गर्न सजिलो भएको र प्रकाशकहरूलाई अर्को पुस्तक प्रकाशन गर्न हौशला मिल्ने छ ।"

गोल्डेन क्लबका सचिव तेज वज्राचार्यले संचालन गर्नु भएको उक्त कार्यक्रम संस्थाका प्रथम उपाध्याय राजेश शाक्यको सभापतित्त्वमा सम्पन्न भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## अल्पकालिन दुर्लभ प्रव्रज्या कार्यक्रम सम्पन्न

*२०७१ मंसीर २२ देखि २६ सम्म*

*स्थान- गौतमी विहार, लुम्बिनी*

पूज्य धम्मवती गुरूमांको ८१ औं जन्मोत्सव तथा धर्मकीर्ति विहारको स्वर्ण महोत्त्सवको उपलक्ष्यमा अन्तर र्राष्ट्रिय भिक्षुणी गौतमी विहार लुम्बिनीमा अल्पकालिन दुर्लभ प्रव्रज्या कार्यक्रम सम्पन्न भएको छ ।

केशावती गुरूमांको संयोजकत्त्वमा धर्मकीर्ति विहार को गुरूमांहरूको सहयोगमा धर्मकीर्ति विहारबाट आयोजित उक्त कार्यक्रममा प्रव्रजित भएका व्यक्तिहरूको संख्या यसरी रहेको थियो–

| | | |
|---|---|---|
| (१) श्रामणेहरू | = | ६ जना |
| (२) प्रव्रजित गुरूमांहरू | = | ११ जना |
| (३) ऋषिणीहरू | = | ८८ जना |
| **जम्मा** | = | **१०५ जना** |

मंसीर २२ गते काठमाडौंबाट लुम्बिनीमा प्रस्थान गरी तीन दिन पूरा प्रव्रजित भई कार्यक्रममा सहभागी भएका उक्त समूह मंसीर २६ गते काठमाडौं फर्केका थिए ।

६ जना कुलपुत्रहरूलाई भिक्षु मैत्रीले शील प्रार्थना गराउनुभई श्रामणेर गर्नुभएको थियो यसरी नै प्रव्रजित गुरूमांहरू लगायत ऋषिनीहरूलाई धर्मकीर्ति विहारका गुरूमां समूहले शील प्रार्थना गराउनु भई प्रव्रजित गर्नुभएको थियो ।

कार्यक्रमको अन्तिमदिन मंसीर २६ गते कार्यक्रममा सहभागी सबैलाई श्रद्धेय भिक्षु मैत्रीले प्रमाणपत्र वितरण गर्नुभएको थियो । यसको साथै कार्यक्रममा आवश्यक सहयोग गर्नुहुने सहयोगीहरूलाई उपहार पनि प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा सहभागी समूहको तर्फबाट पूज्य धम्मवती गुरूमांको सुस्वास्थ्य कामना गरी रू. १६१६०/– चन्दा चढाएको थियो ।

कार्यक्रममा सहभागी हुनुभएका श्रद्धालु दाताहरूले कार्यक्रममा जलपान, भोजन एवं जुस दान गरी पुण्य संचय गर्नुभएको थिए ।

## दान गरेको आँखाको सफल प्रत्यारोपण

नगदेश बुद्ध विहारका कल्याणभित्र, लोक प्रशिद्ध बौद्ध विद्वान, दरवार विशेषज्ञको रूपमा सुपरिचित श्रद्धेय डा. सानु भाई डंगोलको मिति २०७१ मंसिर ९, मंगलवार, तदनुसार ई.सं. २०१४ नोभेम्बर २५ तारिखका दिन दिनको २:३० बजेतिर अकस्मात हृदयघाट भै ७२ वर्षको उमेरमा यस अनित्य भौतिक संसारबाट सदाको निम्ति विदा भै देहावसान हुन पुग्यो । देहावसान लगतै पशुपति आर्यघाटमा वहाँको दुवै आँखा प्रतिष्ठानलाई परिवारजनको सहमतिमा दान गरियो ।

दान गरेका आँखाहरू तिलगंगा आँखा प्रतिष्ठानले पश्चीम नेपाल स्थितको भैरहवा आँखा अस्पतालमा पुऱ्याई सो अस्पतालबाट लगतै एउटा आँखा मित्रराष्ट्र भारतको नौतनवा निवासी ३२ वर्षीय "मण्डल" थरका युवा ब्यक्तित्वलाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा भारतकै महाराजगंज निवासी ५८ वर्षीया "शुक्ला" थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण भएको ब्यहोरा तिलगंगा आँखा प्रतिष्ठानबाट थाहा हुन आएको छ ।

## भिक्षाटन कार्यक्रम सम्पन्न

*२०७१ मंसिर २७ गते, शनिवार*

*स्थान- संखरापुर (साँखु)*

यसदिन धर्मभूमी महाविहार मिसा पुचः साँखुको आयोजनामा मुनिबिहार भक्तपुरका विभिन्न टोलहरूमा भिक्षाटन कार्यक्रम संचालन गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा ३७ जना भिक्षु श्रामणेर, एवं प्रव्रजित गुरूमांहरूबाट भिक्षाटन गर्नु भएको थियो ।

भिक्षाटन कार्यक्रममा सहभागी हुनुभएका सबै भन्ते, गुरूमां लगायत उपासक उपासिकाहरूलाई धर्मभूमी महाविहारका उपासकोपासिकाहरूको तर्फबाट भोजनको व्यवस्था मिलाइएको थियो ।

## आठौं राष्ट्रिय ज्ञानमाला सम्मेलन सम्पन्न

२०७१ पौष ५, ६ र ७ गते काभ्रे जिल्लाको पनौतीमा आठौं राष्ट्रिय ज्ञानमाला सम्मेलन सम्पन्न भएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त सम्मेलनमा धर्मकीर्ति ज्ञानमाला भजन समूहको तर्फबाट ३० जनाको टोलीले भाग लिएका थिए । उक्त टोलीले पौष ७ गते "सिद्धार्थको प्रतिज्ञा" भजन प्रस्तुत गरेको थियो ।



Downloaded from http://www.dhamma.digital

# स्व. रामकृष्ण उपासकप्रति श्रद्धाञ्जली

✍ **भिक्षु अश्वघोष**, संघाराम विहार

मंसीर २१ गते बहनी बुद्ध वन्दना सिधबले आका झाकां छम्हेस्यां भों छकू बिल– "भोंते याम्ह रामकृष्ण उपासक बाज्या म्हिगः बहनी मन्त" धकाः राहुल भन्ते नं फोन याना बिज्यागु"

वयकः मदुगु खबर न्यनाः पलख वाताहां च्वं च्वना। बहनी द्यना म्हेस्या न्ह्योहे मवो। वयकः ध्यानकुटी विहारया ख्यले बेजाति घाँय् पुयाः मुंकाः वांछोया च्वंगु धुपिमा पःखाः क्वे झोलाकं पिना च्वंगु, गुलाफ स्वाँमा व मेमेगु स्वाँमा पिनाः लः बिया च्वंगु, स्वाँमा पिना तःथाय् बुया वयाच्वंगु घाँय्मा लिनाः सफा यानाः च्वंगु, निलकाँडा कं पाला च्वंगु जक लुमना च्वन।

छकः वय्कः घाँय् पुया च्वंबले खँ ल्हा ल्हां जिं धया "रामकृष्ण दाई", छि थन भौं देया छथाय् प्रधान पञ्च जुइ धुंकूम्ह त्वाले प्रतिष्ठितम्ह व्यक्ति। आः ध्यानकुटी विहारया मैदानय् घाँय पुया च्वनेबले छँ च्वँपिं काय्, छय्पिनि मयो। काय् छय्पिं धुलिखेल व काठमाडौं होटलया मालिक। त्वाले च्वंपिंसं नं गिजेयाना च्वनीगु। छितः छुं पीर व चिन्ता मदुला ?

वयकलं लिसः बियाः धाल- बाँलाःगु ज्यायानाः इज्जत वनी मखु। मेगु खँ जि ध्यानकुटी विहारे बुद्ध पूजाय् वयाः बाखँ न्यना च्वनाम्ह मनू। छःपिसं बाखँ कनीबले धया बिज्याई– भगवान् बुद्धं धागु खँ– सिमा स्वाँमा पीगु ज्या चान्हं न्हिन्हं पुण्य व धर्मबढे जुइगु, सफा सुघर याना च्वनेफुसा मन आनन्द दैगु। स्वाँ होया च्वंगु खनी बले मन लयताः वैगु याउँसे च्वनीगु अले हि सफा जुइगु निरोगी जुइगु, दीर्घायु जुइगु। उकिं जिं नं अधिस्थान यानाः ध्यानकुटी विहारे सिमा व स्वाँमा पिनाः वगैंचा बाँलाके। घाँय्मा नं बांमलाक बुया वैच्वंगु सफा याय्। जिं ध्यानकुटीया लागि जीवन अर्पण याय् धुन। जितः मेपिसं छु धाः मधाःया छुं पीर व चिन्ता मदु। बांलाःगु ज्या याय्त मेपिंसं छु धाई धकाः छाय चिन्ता ?

वयकयागु खँ न्यनाःहानं छकः बुद्ध लुमंसे वल। बुद्धं धया बिज्यागु दु– मने पीर व चिन्ता मदैबले मन याउँसे च्वनी अले हि सफा जुइ, अले निरोगी जुइ, दीर्घायु जुइ। बिरामी जुइमखु।

रामकृष्ण उपासकं सिमा स्वाँमा पिनाः मेपिनि मन याउँसे च्वंका बिल। जि ध्यानकुटी वने बले वय्कलं पिना तःगु धुप्पीयामात व गुलाफ स्वाँ होया च्वंगु खनी बले मन याउँसे च्व। वय्कःयानं मन याउँसे च्वं। उकिं जि वय्कः नापं २०,२५ वर्ष संगत याना गुबलेंनं वय्कःया कपाः स्याइगु प्वाःस्याइगु, सेखं चाइगु न्यने मनं। वय्कः सच्छिदँ स्वात। बुरा जूगुलिं शरीर बःमलात तुतां चुयाः नं ध्यानकुटी झाइगु। वय्कःया काय् राधाकृष्णं माया यानाः छैं ब्वना यंकाः पित छोया महः।

वय्कः तत्कालीन पंचायत काले दछु टोलया प्रधान पंच जुया च्वंबले ध्यान कुटीया न्ह्योने च्वंगु पर्ति जग्गा २ रोपनी ध्यानकुटीयात दान यानादिल। धुलिखेले माल अड्डाय् वनाः लाल पूर्जा काः वनाबले अबलेया हाकिमं ८ रोपनी पर्ति जग्गा फुकं ध्यानकुटीया नामे च्वयाः लाल पूर्जा बियाहल। माल अड्डाया हाकिम काठमाडौंया मानन्धर बुद्ध धर्म प्रेमी जुयाच्वन।

ध्यानकुटीयात उलिमछि जग्गा माःगु मदु। गुलिं जग्गा सुस्त मनस्थिति बिरामी तय्गु भवन दयकेत दान बिया। गुलिं जग्गा काभ्रे बहिरा संघया भवन दय्केत दान बिया। थ्व रामकृष्ण उपासकया देन खः।

बुद्धं धयाबिज्याःगुदु– "**रूपं जीरति मच्चानं नाम गोत्तं न जीरति**" अर्थात् मनूतेगु रूप जीर्ण जुयाः मदया वनी तर नां व गोत्र ल्यना च्वनी। ध्यानकुटीया धुपिमा व विहार दत्तले रामकृष्ण खाछि भोया श्रेष्ठ ल्यना च्वनीतिनी। वयकःया प्रति जिगु थ्व श्रद्धाञ्जली जुल।

❖


wd{§Llt{klqsfnf0{;xof]u

मैत्री केन्द्र वाल आश्रम बनेपाको तर्फबाट धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गरी रू. २०००।– चन्दा सहयोग प्रदान गरिएको छ।

उक्त आश्रमको यस सहयोगको लागि साधुवाद व्यक्त गर्दै आश्रमको पनि उत्तरोत्तर प्रगति कामना गरिएको छ।

wd{§Llt{klqsf
wd{§Llt{ljxf/


मुद्रकः न्यू नेपाल प्रेस *प्रधान कार्यालयः* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
*सम्पर्क कार्यालयः* शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



धर्मकीर्ति विहार स्वर्ण महोत्त्सव तथा पूज्य धम्मवती गुरूमांको ८१ औं जन्मोत्त्सवको उपलक्ष्यमा
गौतमी विहार लुम्बिनीमा आयोजित
अल्पकालिन दुर्लभ प्रव्रज्या कार्यक्रममा प्रव्रजित भएका सहभागीहरू

वर्ष-३२; अङ्क-९ बु.सं. २५५८, मिला पुन्हि

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



बुंदि -
१९९८ असार
८ गते

मदुगु दिं -
२०७१ आश्विन
२३ गते

# मदुम्ह कृष्ण देबी मानन्धर

बालाजु

जिमि जहान/अनन्त गुणं जाःम्ह ममतामयी मां कृष्ण देबी मानन्धर दिवंगत जूगु स्वला पूवन। मदुम्ह जहान/मां या सुगति व निर्वाण कामना यासें मैत्रीपूर्वक पुण्यानुमोदन यानाच्वना।

थुगु दुःखड घडी शोकाकूल परिवार जिपिं सकसितं समवेदना व्यक्त यासे धैर्य धारणा याय्त तिबः वियादीपिं सकल हितैषि थःथितिपिं, पासाभाईपिं व इष्टमित्रपिन्त यक्को यक्को सुभाय् विसे आभार व्यक्त याना च्वना।

जहान - **राम भक्त मानन्धर**

*काय्/भौपिं:*

**विजय भक्त / रमा मानन्धर**
**सञ्जय / मञ्जुला मानन्धर**
**संजीव / शीला मानन्धर**

*म्ह्याय्/जिलाजंपिं:*

**विजय लक्ष्मी / भैरव प्रसाद मानन्धर**
**उमा / लक्ष्मी नारायण मानन्धर**

*छय्/छय् जिलाजं/छुईपिं :*

**पवन, अनुजा, अनुज, विवेक, उज्वल, सुस्मिता, उत्कर्ष,**
**सन्जिला, श्रृजा, श्रीयांस, श्रेयाना, प्रशंसा, प्रसिद्ध**
**व**
**सकल मानन्धर परिवार**

Downloaded from http://www.dhamma.digital